Jana Aakash National Weekly

# जन आकाश

राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ४२, २०७९ साल जेठ १७ गते मंगलबार (May 31, 2022) www.janaakash.com.np मूल्य रु १०।-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


## निजगढ विमानस्थल रोकेको विरोधमा बृहत र्‍याली

**मोहन कार्की,**

नेपालको राष्ट्रिय गौरवको आयोजना भनेर निक्कै प्रचार गरिएको निजगढ विमानस्थल रोक्न सर्वोच्चले यहि जेठ १२ गते विहिबार गरेको आदेश नेपाल र नेपालीको हितमा नभएको भन्दै बिभिन्न संघ/संस्थाले विरोधका कार्यक्रम घोषणा गरेका छन् । आइतवार माइतीघर मण्डलामा स्वत स्फर्त नागरिकहरु भेला भई निजगढ विमानस्थल रोक्न भएको आदेश पुनःरावलोक गर्न माग गरेका थिए ।

उनिहरुले उक्त माग सकारात्मक रुपमा सम्बोधन नभए जस्तोसुकै परिस्थितिको सामना गर्नुपरपनि सामना गर्ने उद्घोष गरेका छनन् ।

नेपालको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सघुरो र ठुला वोइङहरु ल्याण्ड गर्न कठिनाई र कहिलेकाही अर्को बैकल्पिक अन्तराष्ट्रिय विमानस्थल नहुदा नेपालमा हवाई ट्राफिक जाम हुदा नेपाल आएका विमानहरुलाई भारतमा डाइभट गर्नुपर्ने बाध्यता छ ।

त्यो समस्यालाईं सावधान गर्न र नेपालको पुऱ्याउन विकासको लागि समेत दिर्धकालीन रणनीतिक योजनामा राखेर अरबौ खर्च गरिसकेको निजगढ विमास्थललाई नै लक्षित गरेर फास्टट्र्याक बनाउन १ खर्व लगानी




भइसेको तथा सरकारले गौरवको आयोजना भनेर घोषणा गरिसकेको योजनालाई नेपालका सिर्वोच्च अदालतमा पुगेका नेपालीले नै यस्ता दुभाग्यपुर्ण निर्णय गर्नुले नेपालको विकासलाई हेर्ने नेपाली त्यसमा पनि उच्च सम्मानीत क्षेत्रका पदका मानिसहरुको सोचमा परिवर्तन नआएको सहजै देखिन्छ ।

विकासका कामहरुलाई कुनै अमुक ब्यक्तिहरुले मुद्दा हालेकै भरमा काम रोक्ने चलन रहदै आएको थियो त्यस्तै राष्ट्रिय गौरवको आयोजना निजगढ अन्तराष्ट्रिय विमानस्थल समेत त्यसको चपेटामा परेको छ । पात्र देखिएका छन् । प्रकाशमणि शर्मा र रञ्जु हजुर पाँडे यी दुवैले वातावरणीय क्षति हुने भनेर सर्वोच्च अदालतमा मुद्दा हालेका थिए ।

यस्ता प्रकृतिका मुद्दाहरुमा बाहिर जो जुन पात्र देखिए पनि भित्री रहस्य अरु नै केही हुनसक्ने विकासवादी विज्ञहरुको राय आयको छ । यस्ता निर्णयहरुले नेपालको विकासमा अवरोध त पुग्छ नै । नेपालीहरुको सुन्दर सपनामा पनि हिलो छ्याप्छ ।

विगतका त्यस्तै घटनाहरुले नेपालमा ठुला स्केलका आयोजना त्यति वनेका थिएनन् र छैनन् कारणहरु यस्तै यस्तै हुने गरेका छन् । विगतमा सञ्चार माध्यमको पहुच र विकास नहुदा यस्ता विकास विरोधि कामहरु सेटिङमा नै सकिन्थे तर आजको सञ्चारको युगमा काहा, के, कसरी, किन, कस्ले, भन्ने जस्ता प्रश्न जनताले प्रत्यक्ष थाहा पाउने गर्छन् । यसको जवाफ सम्बन्धित निकायले दिनुपर्ने बाध्यता आउछ । त्यसको उचित आधार र विश्सनीय उत्तर नभएमा बौद्धिक भनेर चिनियका वरिष्ट अदिवक्ता समेत भइ सकेकाद्धयलाई र फैशाला गर्ने न्यायाधिसहरुलाई नैतिक संकट आइलाग्ने सम्भावना बढी छ ।

वातावरण प्रभाव पार्ने वित्तिक्कै विकास रोक्नुपर्छ त ?

अन्तराष्ट्रिय विकासहरुलाई हेर्ने हो भने देशले प्रथामिकतामा राखेर गर्ने काममा काही कसैले प्रश्न समेत गर्न पाउदैन । नेपाल मात्र त्यास्तो देश हो जाहा एउटा बाँकी ६ पृष्ठमा

## काठमाडौं महानगरपालिका जनप्रतिनिधिहरुको शपथग्रहण

काठमाडौं । काठमाडौं महानगरपालिका प्रमुख, उपप्रमुख, वडाअध्यक्ष र सदस्यहरुको प्रमाणपत्र वितरण तथा शपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ । महानगरका एक सय ६० जनप्रतिनिधिले पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

भृकुटीमण्डपस्थित राष्ट्रिय सभागृहमा महानगर प्रमुख वालेन्द्र साह, उपप्रमुख




सुनिता डङ्गोल लगायतका जनप्रतिनिधिलाई मुख्य निर्वाचन अधिकृत राजुकुमार खतिवडाले प्रमाणपत्र वितरण तथा सपथ ग्रहण गराउनुभएको हो । काठमाडौं महानगरपालिका अन्तर्गत ३२ वडामध्ये महानगरपालिका १ को वडाअध्यक्षमा एमालेका भरतलाल श्रेष्ठ, वडा २ मा एमालेका राजेन्द्रकुमार श्रेष्ठ, ३ मा एमालेका प्रेम थापा, ४ मा एमालेका दिनेश महर्जन, ५ मा एमालेका विरेन्द्र प्रजापति, ६ मा कांग्रेसका भुवन लामा, वडा ७ मा काँग्रेसका विमलकुमार होडा, ८ मा काँग्रेसका आशामान संगत, ९ मा काँग्रेसका रामजि भण्डारी, १० मा कांग्रेसका रामकुमार केसी, ११ मा कांग्रेसका हिरालाल तण्डुकार, १२ मा कांग्रेसका बालकृष्ण महर्जन, १३ मा एमालेका ध्रुवनारायण मानन्धर, १४ मा कांग्रेसका सुमन श्रेष्ठ विजयी हुनुभएको छ ।

यसैगरी, वडा नं १५ मा नेकपा (एकीकृत समाजवादी) का ईश्वरमान डंगोल, १६ मा कांग्रेसका मुकुन्द रिजाल, १७ मा कांग्रेसका नविन मानन्धर, १८ मा एमालेका न्हुछेकाजी महर्जन, १९ मा कांग्रेसका राजेशकुमार श्रेष्ठ, २० मा कांग्रेसका राजेन्द्र मानन्धर, २१ मा एमालेका बाँकी ६ पृष्ठमा

## तारा एयरको जहाज दुर्घटना : सबै यात्रुको मृत्यु

म्याग्दी । मुस्ताङको थासाङ गाउँपालिका-२ सानसुरेमा भएको तारा एयरको जहाज दुर्घटनास्थलमा १६ जनाको शव भेटिएको छ ।



दुर्घटनास्थलमा पुगेका सुरक्षाकर्मी र स्थानीयले सोमबार दिउँसोसम्म १६ जनाको शव भेटाएको जिल्ला प्रशासन कार्यालय, मुस्ताङले जनाएको छ । कार्यालयका प्रशासकीय अधिकृत देवेन्द्रराज पाण्डेले क्षत्विक्षत बनेको जहाजले थिचेका शव पहिचान गर्ने काम भइरहेको बताउनुभयो ।

हेलिकोप्टरमार्फत पुगेका सेना, प्रहरी र शेर्पा तथा पैदलमार्गबाट गएका स्थानीयको टोलीले भेटिएका शव सङ्कलन र हराइरहेकाको खोजी जारी राखेका छन् । पैदलमार्गबाट गएका करिब १०० जना सुरक्षाकर्मीको टोली घटनास्थल नजिकै पुगेका छन् । समुद्री सतहदेखि चार हजार मिटरभन्दा बढी उचाइमा रहेको घटनास्थलमा कुहिरो लागेकाले हेलिकोप्टरमार्फत थप सुरक्षाकर्मी लैजान र सङ्कलित शव ल्याउन समस्या भएको प्रशासकीय अधिकृत पाण्डेले बताउनुभयो ।

आइतबार बिहान पोखरादेखि जोमसोमका लागि उडेको चालक दलका तीनसहित २२ जना सवार जहाज सोमबार बिहान दुर्घटनाग्रस्त अवस्थामा भेटिएको थियो । शव पहिचान, सुरक्षित बेपत्ताको खोजी र मुचुल्का तयार पारेपछि हेलिकोप्टरबाट कोवाङ ल्याउने योजना बनाइएको छ । मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले नेपाली सेनाको एक, फिस्टेल र कैलाश एयरको एक/एक वटा हेलिकप्टर उद्धारमा परिचालन गरिएको बताउनुभयो । मौसम खुलेको अवस्थामा एक वटा हेलिकप्टरले उडान गरेर उद्धारकर्तालाई घटनास्थलमा छाडेर नाउरीकोट आएको थियो ।

कुहिरो हट्नैबित्तिकै हेलिकोप्टरबाट थप उद्धारकर्ता पठाउने र सङ्कलित शव ल्याउने तयारी गरिएको छ । थासाङ गाउँपालिकाको केन्द्र कोवाङदेखि न्याउरीकोट हुँदै करिब चार घण्टा हिँडेपछि पुगिने मानापाथी हिमालको फेदीमा रहेको पहाडमा जहाज ठोक्किएर टुक्राटुक्रा परेको अवस्थामा भेटिएको हो । कुहिरो लागेको र प्रतिकूल मौसमका कारण आइतबार दिनभर जहाज खोज्ने प्रयास सफल भएको थिएन । बाँकी ६ पृष्ठमा


## यस्तो छ नेपाल पत्रकार महासंघको निर्णयहरु

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको काठमाडौंमा उपलब्ध पदाधिकारी तथा सदस्यहरूको बैठक




२०७९ जेठ १५ गते महासंघका अध्यक्ष विपुल पोखेलको अध्यक्षतामा बस्यो । बैठकले हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा महासंघका सदस्यता लिएका करिव २०० जना पत्रकारले उम्मेदवारी दिएका र तीमध्ये ८१ जना निर्वाचित हुन गएको सन्दर्भमा व्यापक छलफल गरी निम्न निर्णयहरू गरेको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१. महासंघको सदस्य रहेका संघीय, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूको महासंघको सदस्यता स्वतः खारेज हुने बैठकले निर्णय गरेको छ । बाँकी ६ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# देशलाई महँगीमा पुऱ्याएका घटनाबाट पाठ सिकौं

यतिखेर देशमा महँगी, अभाव, तनाव तिव्र छ । देशमा सरकार छ की छैन नागरिकहरुले देशमा सरकार भएको महसुस गरेका छैनन् । गाउँ गाउँमा सक्रिय जनशक्ति छैन । भएका सवैं विदेश पलायन भएका छन् । देशमा शासन चलाउने सत्ताधारीहरु तिनै विदेश गएका इमानदार नेपाली युवाहरुको पसिनावाट जम्मा भएको रेमिट्यान्समा रमाइरहेका छन् । सबैभन्दा महँगी बढाउने मुख्य कारक तत्वको रुपमा रहेको पेट्रोलियम पदार्थको विकल्प सरकारले खोज्न सकेको छैन ।

युक्रेन-रुस युद्ध शुरु भएपछि उत्पन्न भएको विश्व अर्थतन्त्रको असरले अरुलाई के के असर गऱ्यो त्यता नेपाल सरकारले ध्यान दिन जरुरी होइन आ□ना नागरिकलाई संकटको अवस्थामा कसरी संक्षण गर्ने त्यो महत्वपुर्ण कुरा हुनुपर्थ्यो ।

तर त्यस्तो नभएर नेपालले युक्रेनको पक्षमा मत दिदा छिमेकी राष्ट्र चीनले अघोषित नाकाबन्दी जस्तै गरेर सामान पठाउन आनाकानी गरिरहेकै छ । हुनत साना राष्ट्रहरु माथि हुने थिचोमिचोको विरोध गर्नु कुनैपनि साना सर्वभौम राष्ट्रको कत्व्य हो । त्यसमा पनि लोकतान्त्रिक गणतान्त्रिक मुलुक नेपालले साना राष्ट्रको पक्षमा मत जाहेर गर्नु युक्रेनको पक्षमा गरेको निर्णय मानवताको पक्षमा नै छ ।

त्यसवाट सृजित समस्याहरु सरकारले सावधान गर्ने उपायहरु अवलम्बन गर्न सक्नुपर्थ्यो त्यो समस्या सावधान तर्फ सरकारको ध्यान गएको देखिदैन । चीनले गरेको अघोषित नाकावन्दी र चीनको वाटो भएर ल्याउन सकिने पेट्रोल पदार्थको आयातलाई सरकारले कुटनैतिक पहल गर्नुपर्ने हो । त्यो पहल भएको देखिदैन ।

भारतले रुसबाट सस्तोमा तेल किनेर नेपाललाई महँगोमा बेच्यो ।

नेपालको आयल निगमले भारत आयल कर्पोरेशनसँग सहुलियत दरमा पेट्रोलियम पदार्थ लिने सम्झौता गरेर पेट्रोलियम पदार्थ किन्दै आएको छ । त्यही भारतले रुससँग सवैभन्दा सस्तोमा पेट्रोलियम पदार्थ किनेर ल्याउने गरेको छ । तर नेपाललाई विश्वका सबैभन्दा बढी मुल्य भएको राष्ट्रको मुल्यलाई आधार बनाएर नेपाल आयल निगमलाई भारतीय आयल कर्पोरेशनले पेट्रोलियम पदार्थको मुल्य सूची पठाउने गरेको छ । सोही आधारमा नेपाल आयल निगमले. मुल्य निर्धारण गर्ने गरेको छ । भारतले मुल्य बढाएको कारण नेपालको मुल्य बढेको हो ।

भारतले रुसवाट सस्तोमा किनेर महगोमा पेट्रोलियम पदार्थ बेचेको कुरा सामान्य नेपाली जनतालाई समेत थाहा भइसकेको छ । यस्तो परिस्थितिमा नेपाल आयल निगमका सम्बन्धित विभाग हेर्ने विज्ञहरुले सरकारलाई जानकारी र उपायहरु बताउनुपर्ने हो । त्यो काम भइरहेको छैन । त्यो कामहरु नभएको देख्दा कतै आयल निगमका सम्बन्धित विज्ञहरुको काम गराई देशको हित विपरित त भएको छैन ? प्रश्न उठ्न थालेका छन् ।

यस्तै समस्या आउछन् भनेर विगतवाट सिक्नुर्थ्यो ।

नेपालका नेपालीहरुले विगतमा भारतले लगायका नाकाबन्दी, विदेशीहरुले वेला वेलामा उनिहरुका देशका सामानहरु अभावको बाहाना गर्दै भाउ बढाएर पठाउने जस्ता घटना पटक पटक नेपाल देशका नेपालीहरुले ब्यहोरी सकेका छौ । यस्ता घटनावाट पाठ सिकेर हामीले आफ्नै देशभित्र सम्भावना हुनसक्ने जति उत्पादन गर्नुपर्थ्यो । त्यस्ता उत्पादनहरु नगन्य रुपमा मात्र रहेका छन् । सरकारको नीति केही कृषि क्षेत्रमा भएपनि त्यहा तराइका चिनी मिललाई दिइदै आएको सुविधा चै चिनी मिलहरुले लिने गरेका छन् । तर तिनै चिनी मिलहरुले चिनी उत्पादन गर्नुको साट्टो भारतवाट अवैध रुपमा चिनी ल्याएर वेच्ने गरेका छन् । त्यो काममा थुप्रै मिलेमतो भइराखेका छन् । यो एउटा उदारण मात्र हो । देशमा सरकारले विभिन्न क्षेत्रमा प्रोत्साहनको निम्ति गरेका हरेक क्षेत्रमा यस्ता बिकृतिहरु रहेका छन् । ब्यवसाय गर्न झन्झट, करको समस्या, बैंकवाट कर्जा लिन समेत अवैध रकम प्रतिशत छुट्याइदिनुपर्ने जस्ता समस्या जाहाको त्याही छन् ।

यस्ता सवै खालका बिकृतिहरुलाई हटाएर नेपालले के के कुरामा आत्मनिर्भर हुने अल्पकालीन नीति, तत्कालीन नीति र दिर्घकालीन नीति बनाएर आ□ना नागरिको भविष्य कस्तो बनाउने भनेर विगतका सामान्य समस्या सावधान गर्दै ठुला परियोजनाको परिकल्पना गरेर देशलाई अर्थतन्त्रमा बलियो र समान्य नागरिकले पनि नेपालमा सहजै बाच्न सक्छन् भन्ने वातावरण बनाउन सक्नुपर्थ्यो त्यो आजसम्म देखिदैन ।

विगतवाट पाठ नसिक्ने हो भने कहिल्यै खाना नपाएर मान्छे मरेको रेकर्ड नभएको देश नेपालमा पनि गरिवी, अभाव, त्यसमा महगी थपिदा खाना नपाएर बास नपाएर मानिस मर्न सक्ने तर्फ सम्बन्धित निकायको ध्यान पुग्नुपर्छ । विगतवाट पाठ सिक्नैपर्छ ।

# गणतन्त्रको उपलब्धि : घरदैलोमा सरकार

**रामकृष्ण तिवारी**

गणतन्त्रको उपलब्धिका प्रसङ्गमा भन्नुपर्दा पहिलो कुरा आम नागरिक सार्वभौम भएका छन् । दोस्रो कुरा भनेको नागरिकको चाहना अनुसार जनप्रतिनिधि पठाउन सक्षम भएका छन् ।

तेस्रो कुरा गणतन्त्रले सङ्घीयताको एउटा ढाँचा ल्याएको हुनाले शासकीय स्वरुपका तीन तहमा आफ्ना प्रतिनिधिलाई शासनमा सहभागी हुन पठाएका छन् । त्यसको नतिजा पाँच वर्षे कार्यकाल समाप्त भएर देशभर संरचनागत रुपमा पालिकाहरु सक्षम र सबल भएको परिणामहरु देखिएका छन् ।

चौथो कुरा पालिकामा रहेर पालिकाका नागरिकलाई घरदैलोमा शासनको जुन स्वरुप प्रस्तुत गरेका छन् त्यसले पालिकामा रहेका नागरिकहरुलाई सहज तरिकाले राज्य व्यवस्था सञ्चालनका क्रममा आफूले लिने उपलब्धिहरुलाई नजिकैबाट लिने गरेका छन् । यसलाई गणतन्त्रको उपलब्धिको रुपमा लिन सकिन्छ ।

**भिन्न शासकीय व्यवस्था**

२०७२ सालको संविधानले पूर्ववत् ६ वटा संविधान भन्दा अलग तरिकाको शासकीय व्यवस्था ल्यायो । गणतन्त्रले देशमा रहेका सबै वर्ग, लिङ्ग, तह, क्षेत्रलाई समेट्ने गरी शासनमा सहभागी हुने अवसर साथै कानुनी व्यवस्था पनि गर्यो । त्यसले गर्दा भूइँमा रहेका साथै दूरदराजमा रहेका मानिसले शासकीय तहमा रहेर आफ्नो कुरा राख्न सक्ने भए । त्यसको परिणाम अहिले देशभरि छरिएको छ । देशभरि उनीहरुको प्रतिनिधित्वले ठाउँ पाएको छ ।

हरेक किसिमको शासन व्यवस्थाको परिवर्तनलाई हेर्दा अघिल्लो व्यवस्थाका रुपहरुलाई हेर्नुपर्ने हुन्छ । त्यही रुपबाट नयाँ परिवर्तनमा जानको लागि दिशानिर्देश गर्दै आन्दोलनहरु तय गरेका हुन्छन् । आन्दोलनमार्फत नै अहिलेको जुन शासकीय स्वरुप आएको छ । हिजोको शासन व्यवस्थामा रहेका नकारात्मक लगावले अझै पनि केही नेतामा त्यो छोडेको छैन । तर, त्यसले बिस्तारै विस्थापन गर्ने क्रम सुरु भइसकेको छ ।

नागरिकको चाहना उनीहरुले विश्व परिवेशमा परिवर्तन भएको देख्न चाहन्छन् । अन्य देशमा भएको परिवर्तन उनीहरुले त्यस ठाउँमा प्रत्यक्ष अवलोकन नगरे पनि सूचना प्रविधिको युग भएको हुनाले घरमै बसेर उनीहरुले त्यो उपलब्धिलाई हेरेका छन् । त्यसै अनुरुप जानका लागि आम रुपमा नागरिकहरु तथा नयाँ पुस्ताले त्यो खोजेका छन् । यो रातारात हुने किसिमको व्यवस्था तथा परिवर्तन होइन ।

एउटा प्रणालीलाई व्यवस्थित तरिकाले, अनुशासित तरिकाले त्यसका विधि, प्रक्रिया तथा मान्यताहरुलाई अवलम्बन गर्दै त्यस किसिमको शैली अवलम्बन गर्दै जान सक्यो भने परिवर्तनको महसुस हुन्छ । नेपालमा यो परिवर्तन यसअघिको शासनको नकारात्मक पक्षहरुले सिर्जना गरेको कारण भएको हो ।

नयाँ व्यवस्था तथा विधिमा जाने भनेको बाहिरी देशमा भएको विकास, त्यहाँका नागरिकले पाएको उपलब्धि र उनीहरुका विकासका मोडेललाई अवलम्बन गर्ने कुराहरु देशको चाहना हुन्छ । नागरिकले त्यसै अनुसार हेर्न चाहन्छन् तथा शासकहरु पनि त्यो मोडेलमा जान पाए हुन्थ्यो चाहना हुन्छ ।

यसका लागि आन्तरिक रुपमा देशको नागरिक तथा नेतृत्वको गति अगाडि बढ्नुपर्यो भने बाहिरको मोडललाई आफ्नो भूगोल अनुसार मिल्ने किसिमले अगाडि बढ्यो भने राम्रो हुन्छ । त्यसैले पहिलो इच्छा शक्ति देशको हुन्छ अर्को भनेको बाहिरी शक्ति यसको सहायक हुन्छ ।

**नयाँ प्रणालीका कारण अप्ठ्यारो**

हामीले १३ वर्षमा गर्नुपर्ने कुराहरु धेरै थिए । गर्न नसकेको कुरामा पहिलो कुरा देश नै नयाँ प्रणालीमा गएका कारण यसको विधि विधान बनाउन नै बढी समय खर्चिएको छ । सबैभन्दा बढी समय नै यसमा लागेको छ ।

अर्को कुरा भनेको स्थानीय निकायका नेतृत्वहरु नयाँ स्वरुपमा जानका लागि सक्षम नभएको देखिन्छ । किनकि उनीहरुले त्यो सिकेकै छैनन् । नयाँ प्रणालीमा जाने मान्छेहरुमा राजनीतिक हिसाबमा तथा सैद्धान्तिक ज्ञानको कमी हुने भएको हुँदा सोचे अनुसारले अगाडि बढ्न सकेको अवस्था देखिँदैन ।

हामीले निकाय खडा गर्यौं तर निकायलाई चाहिने जनशक्ति तथा नेतृत्वको बारेमा हामीले विचार गरेनौं । उमेरको हद, राजनीतिक पार्टी अथवा स्वतन्त्र जो पनि उमेर पुगेका मानिस उठ्न सक्ने भन्ने किसिमको स्पष्टता नहुँदा अन्योल भएको देखिन्छ ।

हामी नयाँ प्रणालीमा जाँदा विगत पाँच वर्षको कार्यकाललाई हेरेर निर्वाचित पदाधिकारी जो आएका छन् अब केही गर्नु पर्छ भन्ने मान्छे निर्वाचित भएर आएको देखिन्छ । जब स्थानीय निकायहरु बन्यो स्थानीय निकायहरु एउटै प्रकृतिका थिएनन् । तराईमा जाँदा एउटा देखिन्छ, पहाडमा एउटा देखिन्छ भने भित्री मधेस पस्दा एउटा देखिन्छ ।

हिमालमा जाँदा अर्को किसिमको देखिन्छ । यसकारण विकासको मोडल नै फरक(फरक अवस्थामा फरक(फरक किसिमको विकास गर्नुपर्ने हुन्छ । हाम्रो देशमा त्यस किसिमको विकास गर्नका लागि स्थानीय निकायहरु सक्षम हुनका लागि उनीहरुले प्रशस्त मात्रामा त्यस्ता किसिमका तालिमहरु तथा नियम कानुनहरुसँग उनीहरु जोडिनुपर्ने हुन्छ ।

वातावरण, अर्थ, शिक्षा जस्ता कुरामा कसरी स्थानीय निकायलाई नमुनाकृत बनाउने भन्ने किसिमको कुराहरुमा उनीहरु कसरी जोडिने भन्ने कुरा शिक्षामार्फत पाउनुपर्ने हुन्छ । देशले त्यस किसिमको नेतृत्व उत्पादन गर्ने विश्वविद्यालयमार्फत त्यो भइरहेको छैन । किनकि यहाँ सैद्धान्तिक हिसाबले पढाइ हुन्छ । सैद्धान्तिक पढाइमा व्यहारमा जाने कुरा देखिएको छैन भने अर्कोतिर राजनीतिक नेतृत्व र उच्च शिक्षामा काम गर्ने जनशक्तिहरुको तालमेल पनि मिलेको छैन ।

**दक्ष मान्छेलाई राजनीतिमा आकर्षित गर्न जरुरी**

दक्ष मान्छेहरुलाई राजनीतिप्रति आकर्षित गर्ने नीति राज्यले बनाउने हो भने अहिले हाम्रा युवाहरुले राजनीतिमा गएर काम गर्न सके भने यो देशमा कायापलट गर्न सकिन्छ भन्ने कुरा त छँदैछ ।अर्को कुरा जस्तो अहिले हरेका निकायहरुमा विजयपछि आफ्नो पदभार ग्रहण गर्ने कुरामा प्रायजसो ठाउँमा सुशासनका कुरा, भ्रष्टाचार निषेधका कुरा गर्दै भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानु सरह हो भनेर आत्मादेखि नै राजनीतिको विकास गर्नुपर्यो, जनतामा खुशी ल्याउनुपर्यो भन्ने शैली देखिएको छ ।

अब बल्ल हिजोको पाँच वर्षको कार्यकालमा के कुरामा स्थानीय निकायहरु रुमलिएको रहेछ भन्ने कुराको सानो ज्वलन्त उदाहरणको रुपमा अहिले पदभार ग्रहण गर्ने क्रममा नेतृत्वले देखाएको देखिन्छ । त्यसकारण अबको पाँच वर्षको अवधि उज्यालो रहन्छ । विकासको गतिमा जान्छ । हिजोको राम्रो पूर्वाधारमा टेकेर, नराम्रो पूर्वाधारलाइ सच्याएर दीर्घकालीन नराम्रा असर पर्ने किसिमको योजनाहरु छोडेर राम्रा योजनाहरु अगाडि बढ्छन भन्ने कुराको आभास अहिलेको स्थानीय निकायको पद ग्रहणले देखाएको छ ।

**प्रणालीले काम गर्दा विश्वास**

कुनै पनि प्रणालीमा त्यसले काम गर्यो भने मात्र जनताले विश्वास गर्छन् । जब प्रणालीले काम गर्दैन तब नेतृत्वले आएर रातारात कायापलट गर्छ भन्ने कुराको विश्वास गर्न सकिन्न । हाम्रा शासकीय स्वरुपका स्थायी निकायहरु जो छन् तिनले कार्यान्वयनको चरणमा काम गर्न सकेनन् भने जतिसुकै राम्रो नेतृत्व त्यस ठाउँमा पुर्यायौं भने पनि काम नहुन सक्छ । हाम्रो व्यवस्था राम्रो तथा कार्यान्वयन पक्ष फितलो भएको देखिन्छ ।

प्रणाली नयाँ भएपछि त्यसलाई चाहिने संयन्त्र कसरी तयार गर्ने तथा कुन समयमा कहाँ पुग्ने भन्ने योजना बनाउने काम सरकारको हो । सरकारले ल्याउने नीतिगत निर्णय कार्यान्वयन गर्न उसको जो स्थायी कर्मचारीतन्त्र छ उसले गर्ने हो । तर, यहाँ के भयो भन्दा नयाँ किसिमका नीति निर्माण त भयो तर लागू गर्ने कुरामा कमजोरी देखियो ।

जस्तो दिल्लीमा केजरीवाल मुख्य मन्त्री भएर आएपछि त्यहाँको कर्मचारीतन्त्रले अक्षरशः पालना गर्दा नयाँ नतिजा देखियो । तर, हामीकहाँ गएको पाँच वर्षमा हरेक महत्त्वपूर्ण सहरमा जितेका प्रतिनिधिले राम्रो कुरा ल्याए पनि कर्मचारीतन्त्रले सहयोग नगर्दा निश्चित गन्तव्यमा पुर्याउन नसकेको अवस्था छ ।

पहिलो कुरा स्थानीय निकायले काम गर्दा स्थायी संरचनामा बल गर्ने । गुरुयोजना तयार गर्ने । शिक्षा, खानेपानी, स्वास्थ्य तथा रोजगारीलाई पर्यटकीय रुपमा लैजाने कुरामा केन्द्रित गर्ने । नेपालको हरेक ठाउँलाई पर्यटकीय स्थलका रुपमा जान सकिने वरदान नै दिएको छ । त्यसकारण हरेक निकायलाई एउटा किसिमको पर्यटकीय हिसाबको केन्द्रबिन्दु बनाउने ।

पेशा, व्यवसायलाई स्थानीय निकायले समर्थन गर्न सक्यो भने आम्दानीको श्रोत बढ्छ । कामको सिलसिलामा वैदेशिक रोजगारमा गएका युवा जनशक्तिलाई आकर्षित गर्न सकिन्छ । विदेशी पर्यटक भित्र्याउन सकिन्छ जसले आर्थिक स्थिति बलियो हुन जान्छ । यस्ता कुरालाई लिएर अगाडि जाने । हरेका गाउँपालिकालाई आय आर्जनका हिसाबमा एउटा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने गरेर पदाधिकारीले लिएर जानुपर्छ ।

**समन्वय आवश्यक**

केन्द्र, प्रदेश र स्थानीय निकायको संविधानले अधिकार क्षेत्रको बाँडफाँट गरेको कारणले कतिपय अवस्थामा सोधिरहनु पनि पर्दैन । तर, दीर्घकालीन असरका कुराहरु, प्राकृतिक साधन, श्रोतका कुराहरुका सन्दर्भमा केन्द्रबाट निर्णय हुने हुँदा समग्र गुरु योजना बनाएर त्यसमा जाने प्रतिनिधिलाई तालिम गराएर साथै त्यसमा जाने कर्मचारीतन्त्रलाई पनि त्यसै अनुरुप तालिम तथा भर्ना गरेर जान सकियो भने नेतृत्वले ल्याएको नीतिहरुलाई अक्षरशः पालना गर्न सकिन्छ ।

गणतन्त्रमा यस्तो हुँदो रहेछ कि हामीले पठाएको प्रतिनिधिले यस्तो काम गर्दा रहेछन् । हामीले हाम्रो ठाउँको विकास कसरी अगाडि लाने भन्ने किसिमको कुराहरु आफैंले छनोट गर्नुपर्ने रहेछ । हामीले उपयोग गर्नुपर्ने रहेछ । हामीले अपनत्व लिनुपर्ने रहेछ भन्ने किसिमका कुराहरु त्यहाँको स्थानीय नागरिकले चुनेर पठाएका प्रतिनिधिले गरे भने नयाँ अनुभूति यसै प्राप्त गर्न सकिन्छ ।

हामीले स्थानीय जनताको दैनिकी कसरी गुज्रिरहेको छ भन्ने कुरामा सबैभन्दा पहिले चिन्तन गर्नुपर्यो । स्थानीय जनतालाई नजिकैबाट सेवा सुविधा दिने कुरमा हामी केन्द्रित भयौं भने विकास त्यसै अगाडि बढ्छ । अर्को भनेको हामी जति विकास गर्छौं ती संरचना स्थायी तथा बलियो रुपमा स्थापन गर्यौं भने अब आउने नेतृत्वले त्यही विकासमा रुमलिनु परेन । नयाँ कुरामा जान सकिन्छ । हामीले हरेक चुनावपछि हेर्यौं भने दीर्घकालीन योजना नभएर त्यस्तै योजना तोडमोड गर्ने गरेको देखिन्छ ।

**चुनावमा योजनाको महत्व**

स्वतन्त्र उम्मेदवारको विजयले चुनावमा राजनीतिक दलहरु मात्र होइन स्वतन्त्र व्यक्तिहरु, समाजसेवीहरु तथा त्यस्ता मान्छेले लिएर आएको योजनालाई मतदाताले हेरेको देखियो । नयाँ राजनीतिमा त्यस्ता मान्छेको पनि ठाउँ हुन्छ भन्ने कुरा अहिलेको चुनावी परिणामले देखाएको छ ।

गएको चुनावभन्दा यस पटक फरक शैली देखिएको छ । गएको चुनावमा जितेका मान्छेहरु अहिले पराजित भएका छन् । सबैभन्दा महत्त्वपूर्ण र रोचक कुरो त के भएको छ भने देशको शीर्ष नेताहरुको चुनाव क्षेत्र त्यसमा पनि आफू बसेको वडामा विपक्षीले विजय हासिल गरेको छ ।

यसले के देखाउँछ भने राजनीतिक नेतृत्व जित्यो तर, उहाँहरुको कार्यकर्ताको मनोभाव के भयो भने हामीले जितेको छ यहाँ त सबै हाम्रो हुनुपर्छ भन्ने कुराले बढी जोड घटाउ उहाँहरुले गर्नुभयो । तर, त्यो जोड घटाउ चाहिँ स्थानीय निकायमा जाने नेतृत्वले रातारात गर्न सक्ने अवस्था थिएन ।

उहाँहरु विधि विधान अनुसार उहाँ चल्नुपर्थ्यो । तर, पार्टीगत मतदाताले के सोचे भन्दा यसले हाम्रो काम गरेन अरुको काम गर्यो भन्ने भावले पनि त्यस्तो अवस्था सिर्जना भएको हो । त्यसकारण अब आउने नेतृत्वले स्थानीयको आवश्यकता अनुसार नै काम गर्नुपर्ने रहेछ भन्ने शिक्षा यसले दिएको छ । (राजनीतिक विश्लेषक तिवारी सँगको कुराकानीमा आधारित)

# जबरजस्ती करणी गरेको गर्ने पक्राउ

रूपन्देही । २२ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा देवदह नगरपालिका ६ बस्ने ३४ वर्षीय हेम बहादुर घर्ती मगर लाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । हेम बहादुर घर्ती मगर लगायत ३ जनाले ती महिलालाई देवदह नगरपालिका ९ भलुहीस्थित होटलमा लगि हेम बहादुर घर्तीमगरले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी खैरेनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । साथै अन्य १ जना र होटल संचालक समेतलाई प्रहरीले आवश्यक अनुसन्धानको लागि नियन्त्रणमा लिएको छ भने हाल फरार १ जनाको प्रहरीले खोजी गरिरहेको छ। यता ३८ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमाम्याग्दी बेनी नगरपालिका ९ घतान बस्ने ६२ वर्षीय भक्ते दमाईलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । दमाईले ती महिलालाई खेतमा काम गरी फर्कने क्रममा आफ्नै घरमा लगि जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय म्याग्दीबाट खटिएको प्रहरीले

बाँकी ६ पृष्ठमा

# चुनावी संकेत र सन्देशहरू

**नरेन्द्रजंग पिटर**

स्थानीय तहको चुनावले नेपाली राजनीतिमा बहसको शीर्षक नै फेरिदियो । घटना र अवस्थाले मानिसलाई नियन्त्रण र निर्देशन गर्छ । परिणामले नियत प्रस्ट्याउँछ । विरोधीको कमजोर हिस्सामा किल्लाभेदन गर्दै सकुशल बाहिर निक्लनु कुशल सेनापतिको रणकौशल हो ।

व्यूहरचनामा दूरदृष्टि पुऱ्याए कमजोर सैन्य शक्ति, हतियारको कमी र प्रतिकूल अवस्थामा पनि शक्तिशाली सेनालाई सहजै पराजित गर्न सक्छ । ससाना लाग्ने विषयले निर्णायक क्षणलाई गम्भीर प्रभाव पार्नेमा रणनीतिकारहरू मिहिन पाराले ध्यान दिन्छन । चुनाव व्यवस्थापन कला पनि हो । हालै सम्पन्न चुनावमा दुई प्रकारका गठबन्धन भए । हितअनुकूलका मूल्यहीन अनेकौं गठबन्धन पनि भए । गुटका 'टसल' ले घर पोलेर मूल कोठा खोज्ने प्रवृत्ति पनि देखियो । गठहरू त भए तर तिनमा नैतिक बन्धन भने रहेन । स्वतन्त्रहरूको विजयले पार्टीहरूको मर्ममै प्रहार गऱ्यो ।

अहंकारका किल्लाहरू ध्वस्त

स्थानीय तहको चुनावमा अहंकारका धेरै धरहरा गर्ल्यामगुर्लुम्मै ढले । तर घमन्डले तीतो सत्य स्विकार्दैन, तर्क र बहाना खोज्छ । चुनाव विषय एक, सन्देश अनेक खालको रह्यो । कहिलेकाहीं इतिहासले जिस्काउँदै भविष्यलाई शिक्षा दिइरहेको हुन्छ । चोट नलागे दर्द कहाँ महसुस हुन्छ र !

अहंकारले औचित्य साबित गर्न स्व(महानताका अनेकौं तर्क उमार्छ । देखिँदै छ । त्यसले पहिला बहुसंख्यकवाद बनेर राष्ट्रवादी देखिन भाषा, धर्म, संस्कृति, रङलाई आधार बनाउँछ । मिथकलाई गौरवपूर्ण इतिहास बनाउँदै 'म उच्च स्तरको, तँ नीच स्तरको' भन्ने ठहऱ्याउँछ । मिथकमा गौरवान्वित हुँदै इतिहासकार र वैज्ञानिकसँग जोरी खोजेर वर्तमानसँग बदला लिन खोज्छ । इतिहास र मिथकलाई सुविधा अनुसार घालमेल गर्दै जनमतलाई भीडमा फेर्न उत्तेजना फैलाउँछ ।

अहंकारको नायकत्व गढ्न तर्क कोरल्ने दरबारी फौज हुन्छ । तर्क नहुने भए हरेक अपराधीले आत्महत्या गरिसक्थ्यो । तर, कुतर्क र सत्यको साइनो हुँदैन । झुटको आयु परिणामले लामो हुन दिँदैन ।

किन हुन्छन् गठबन्धनहरू ?

दुवै गठबन्धन, गठबन्धन तोडेर भएका गठबन्धन, गठबन्धनलाई महत्त्व नदिनेहरूको सक्रियताले गठबन्धन सिद्धान्तप्रति नै प्रश्न, आशंका र अविश्वास जन्माए । सन्धि, सम्झौता र गठबन्धन भनेका कमजोरले शक्तिशालीसँग गर्ने अल्पकालीन सहमति भएकाले तिनमा मूल्य, मान्यता, आदर्श, सिद्धान्त र राजनीतिक संस्कृतिको कुनै अर्थ रहँदैन; उपलब्धिलाई मात्रै ध्यान दिइन्छ । शक्तिशाली विरोधीलाई पछार्न वा शक्ति सञ्चय गर्न कमजोर शक्तिहरूबीच गरिएको एकता, सहमति वा गठबन्धनको आयु लामो भने हुँदैन ।

वर्चस्व कायम गर्न चुनावमा भएका केन्द्रीय गठबन्धनहरूले स्थानीय वर्चस्व तोड्न 'विरोधीको विरोधी मित्र' सिद्धान्तले शक्तिको भाषा र अभ्यासमाथि व्यवहारवादी हुनुपर्ने र दयामा नभई आफ्नै शक्तिमा भर पर्नुपर्ने सन्देश फेरि पनि दियो । कार्यकर्ताहरूले नेतृत्वको आदेश लत्याएर हैसियत देखाइदिए । आदेशमा नचल्ने सोचलाई अन्तर्घात भनियो तर अन्तर्घाती खुट्ट्याइँदा त्यसको कम्पन गुट बनेर धक्का केन्द्रसम्मै पुग्ने हुँदा त्यस्तो गरिने भने छैन । गुटमा चलेका पार्टीहरूभित्र वर्चस्व कायम गर्न अन्तर्घात स्वाभाविक दाउपेच बन्यो । बरु, स्वतन्त्र र विद्रोही उम्मेदवारहरूले परम्परागत दलहरूको औचित्यमाथि हस्तक्षेप गरेर नयाँ अवस्थामा पुऱ्याइ दिए ।

खेल र झेल नियाल्दा लाल र नीला मण्डलेहरूका बीचमा जन्मजात पहेंला मण्डलेहरू दुवैलाई उपयोग र उपभोग गर्दै मुस्कुराए । यो इतिहासले वर्तमानलाई चडकन हानेको बीभत्स दृश्य हो ।

निर्मम समीक्षा होला ?

नीति तथा कार्यक्रममाथिका क्रिया तथा प्रतिक्रियाहरू हेर्दा नेतृत्व तहहरूले चुनावले दिएका संकेत र सन्देशहरूलाई गम्भीर रूपमा आत्मसात् गरेनन । धरहरा ढलेपछि, किल्ला भत्किएपछि कहाँ, के र कसरी भयो भनेर निमर्म समीक्षा आवश्यक हुन्छ । रोग खुट्ट्याए मात्र उपचार पहिल्याउन सकिन्छ । उपचार विधिहरू फरक हुन सक्छन । अकुपन्चर विधिमा उपचार गर्दा नसाका प्वाइन्टहरूमा 'इन्जेक्टिङ' गरिन्छ भने क्यान्सर लागे अंगविशेषलाई अपरेसन गरेर निमर्मतापूर्वक फालिन्छ, अनि रोग अन्यत्र फैलिँदैन ।

समस्याको जरो पत्ता लगाए मात्रै समाधान निकाल्न सकिन्छ । संस्थाभन्दा व्यक्तिकेन्द्रित अहंकारी शक्ति टुट्न सक्छ, झुक्न भने सक्दैन । पराजयको निमित्त कारणको पछ्यौरीमा सुरक्षा खोज्दै बहसलाई नियन्त्रण गर्छ । आवेगी कार्यकर्ताको भावनामा खेल्छ ।

अनुशासित कार्यकर्ता किन विद्रोही बने या निष्क्रिय बने भनेर अक्करमा ठक्कर लागेपछि त नेतृत्व सोच्न बाध्य हुनुपर्ने हो । सबै पार्टीमा असर पऱ्यो । तर, चित्त बुझाउने धेरै तरिका हुन्छन । आफूलाई सत्य साबित गर्न अनेकौं तर्क कोरलिन्छन । तीतो यथार्थको सामना गर्ने हिम्मत नभएपछि 'धाँधली, अन्तर्घात, विश्वासघात, सत्ता, शक्ति र पैसो प्रयोग भयो' सबभन्दा सजिलो आरोप बन्छ । मतदातालाई कुनै पार्टीको ह्वीप लाग्दैन भन्ने कुरा भीड देखेर धारणा बनाउने सर्वज्ञ नेतृत्वले स्विकार्दैन । देखिसकिएकै छ- मन बुझाउन नक्कली शत्रु बनायो, उसैलाई गाली गर्दै मनसुख लियो !

एकल नेतृत्वको निर्णयमा पार्टीको सहभागिता आदेशपालकको मात्रै हुने हुँदा भाइनेताहरू विजयको त हिस्सेदार बन्छन्, पराजयको अंशियार भने बन्दैनन । नेतृत्व समस्या नभई समाधानको उपाय हुनुपर्ने हो, तर आफूलाई शासक सोच्ने अहंकारीहरू समस्याको कारण आफू नभई अरूमा खोज्छन्; कार्य, कारण र परिणाम जोडेर विषय हेर्ने, बुझ्ने र ग्रहण गर्ने झन्झट बेहोर्दैनन । लोकप्रियतावाद र तीतो यथार्थबीच भिन्नता हुन्छ ।

स्वतन्त्र उम्मेदवारहरूले दिएका सन्देश

स्वतन्त्र उम्मेदवारहरूको विजयका कारक पक्ष देशभरमा फरकफरक छन । तर समग्रमा उनीहरूले सबै पार्टीको टाउकामै घन ठोके । यसको असर र प्रभाव सन्निकट संघीय र प्रादेशिक चुनावमा पर्नेछ । पार्टीहरू स्वयं स्खलित भएपछि यो अवस्था आउनै थियो । नेतृत्वको सामाजिकीकरणले उम्मेदवारीको हैसियत खुट्ट्याउन नसक्नु र हुकुम मतदाताले स्विकार्छन् भन्ने भ्रम रहनु हारको प्रमुख कारण रह्यो । राजनीति व्यवसायमा फेरिएपछि महत्त्वाकांक्षाको व्यवस्थापन हुन नसक्नु स्वाभाविकै हुन्थ्यो ।

'चञ्चल' र निराश मतदाता भएको काठमाडौंको कुरा गरौं । केशव स्थापित अहंकारले छानिएका, 'टेस्टेड', अभिजात वर्गका अराजनीतिक प्रतिनिधि थिए भने सिर्जना श्रेष्ठ उत्तराधिकारी भएकाले कांग्रेसमा थोपरिएको बोझ बनिन । तर बालेन शाहको उदय राजनीतिक दलहरूप्रतिको निराशा र प्रतिक्रियाको आवेगी उपज हो । मधेशप्रतिको राजनीतिमा राजधानीको भावनात्मक स्वीकारले सकारात्मक राष्ट्रिय एकताको सन्देश दियो । यो सत्ता फेरिए पनि राजनीतिक संस्कृति फेर्न नसक्नेलाई कडा सन्देश बन्यो । सामरिक रूपले संवेदनशील देशहरूमा भ्रष्ट शासकहरू सत्तामा पुग्छन् र टिकिरहन अनेकौं हतकण्डा प्रयोग गर्छन । त्यसविरुद्धको निराशाको प्रतिक्रिया युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीका रूपमा देखिन्छ । जेलेन्स्कीहरूलाई अन्य शक्तिकेन्द्रले उपयोग गर्न सक्ने प्रशस्त सम्भावना रहन्छ । संकेत नै सन्देश हुन्छ । सिलाबरे भाँडो कतिखेर तात्छ र कतिखेर सेलाउँछ, थाहा हुन्न; अस्थिर चरित्रको हुन्छ । यही सहर हो जसले पञ्चायतप्रति उग्र विरोध नानीमैया दाहालका रूपमा गऱ्यो भने जनपक्षीय पद्मरत्न तुलाधर बनेर पनि ।


तर पश्चिमको धनगढी र पूर्वको पेकिङ भनिने धरानको अवस्था भने फरक छ । त्यहाँ राजनीतिक दलहरूविरुद्ध जनप्रतिनिधिको खोजी थियो । मतदाताको सुझबुझले गर्दा दलहरू दण्डित भए । अझ धरान पानीका लागि संघर्ष गर्ने एसियाली विकास बैंकले उत्पादन गरेका भ्रष्ट धराने राजनीतिकर्मीहरूविरुद्ध केन्द्रित थियो । बोलिभियाको तेस्रो ठूलो सहरको कोचबाम्बामा भएको पानी संघर्षजस्तै धरानको जनचासोलाई नेतृत्व गरेका लौरोधारी एक्ला योद्धा हर्कराज साम्पाङ आशा बने । नैतिक पुँजी र दृढ अठोट भएदेखि मान्छेसँग रहेको अदम्य क्षमता प्रयोग गर्न सकिन्छ भन्ने प्रमाणित गरे धनगढीका गोपाल हमालले, जो जनआन्दोलनमार्फत स्थापित भएका थिए । स्वतन्त्र उम्मेदवारी र विजययात्रा मूलधारका पार्टीलाई प्रस्ट जवाफ, चेतावनी र प्रतिक्रिया हो । लोकप्रियतावादमा फस्न पुगे भने साम्पाङले पाएको समर्थन जोगाइराख्न कठिन पर्नेछ ।

अन्तमा, पार्टीलाई बिर्ता, कार्यकर्तालाई कमारा, मतदातालाई रैती र आफूलाई जिम्वाल सोच्ने नेतृत्वहरूका टाउकैमा परिस्थितिले चुनावमार्फत मुंग्रो बजारिदिएको छ । भक्त बनेका कार्यकर्ताहरूले दिमाग खोपडीबाट खोपीमा थन्काउँदै दिनभरि नेताको भजन गाएर फर्केपछि साँझ मात्र फेरि घुसार्थे । अब भने ज्ञान र बुद्धि कसैलाई नसुम्पी, सधैं आफूसँगै राख्नुपर्ने आत्मज्ञान पाए होलान । शक्तिले मातिएका, पात्तिएका र आत्तिएका नेतृत्व तहहरू बगलीमा ऐना राख्दैनन । बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछाप नगरपालिका र गोकुलगंगा गाउँपालिकाको कार्यपालिका गठन

रामेछाप । रामेछापको रामेछाप नगरपालिका र गोकुलगंगा गाउँपालिकामा नेपाली कांग्रेसले नगरकार्यपालिका तथा गाउँकार्यपालिकामा बहुमतको सरकार गठन गरेको छ । यी दुई स्थानीय तहमा नेपाली कांग्रेसको मात्रै बहुमतसहित कार्यपालिका गठन भएका हुन् । आइतबार जिल्लाको पुरानो सदरमुकाम समेत रहेको रामेछाप नगरपालिकामा नगरप्रमुख लवश्री न्यौपाने र उपप्रमुखमा बालाकुमार कार्कीले नेपाली कांग्रेसबाट निर्वाचित भएकाहरुबाट नगरकार्यपालिकालाई पूर्णता दिएका हुन् । त्यहाँ रहेका ९ वटा वडामा २ वटा माओवादीले बाहेक सबै वडामा कांग्रेस बिजयी भएको थियो ।

यता गोकुलगंगा गाउँपालिकामा पनि दुई वटा वडामा नेकपा एमालेले जितेको थियो, भने बाँकि सबै वडामा कांग्रेस बियजी भएको थियो । सो पालिकामा नेपाली कांग्रेसको भातृ संस्था तरुण दल रामेछापका जिल्ला अध्यक्ष समेत रहेका काजीबहादुर खड्का दिनेश र उपध्यक्ष उषा कार्कीसहित बहुमत वडा जितेको थियो । पालिकाको कार्यपालिका सदस्यमा कैलाश सुनुवार, मोहन माया सुनुवार, दिर्गा माया खत्री, ज्ञान कुमारी थापामगर, मैना खड्का र संगिता बिरुक रहेका छन् । आज पालिकामा गठन भएको गाउँकार्यपालिकामा नेपाली कांग्रेसको निर्विरोध कार्यपालिका गठन सकिएको फर्पुका वडा अध्यक्ष चन्द्र सुनुवारले जानकारी दिए ।

## दोरम्बा शैलुङ गाउँपालिकाको कार्यपालिका सदस्य चयन

रामेछाप । दोरम्बा शैलुङ गाउँपालिकाको कार्यपालिकाले पूर्णता पाएको छ । आज गठबन्धनको तर्फबाट सर्वसम्मत रुपमा ६ जना कार्यपालिकाका सदस्य चयन भएसँगै कार्यपालिकाले पूर्णता पाएको हो । अल्पसंख्यक र दलितबाट एक/एक जना र निर्वाचित वडा सदस्य मध्येबाट चार जना गरी छ जना कार्यपालिकाका सदस्य थपिएका छन् । योसँगै पालिकाको कार्यपालिकाका सदस्यको संख्या १५ जना पुगेको छ । कार्यपालिकाको सदस्यमा चयन हुनेमा फुलमाया विक, देवी माया थापा, रुपमाया श्रेष्ठ, निमा शेर्पा, वीर बहादुर कार्की र रिता महते रहेका छन् । वीर बहादुर कामी र फुलमाया विक कांग्रेसबाट र बाँकी चार जना माओवादीबाट कार्यपालिकाको सदस्यमा चयन भएका हुन् । कार्यपालिकामा चयन भएका छ जनालाई नै आज गाउँपालिकाका अध्यक्ष मैन कुमार मोक्तानले पद तथा गोपनियताको सपथ गराएका छन् । दोरम्बा शैलुङ गाउँपालिकाका अध्यक्ष मैन कुमार मोक्तानले कार्यपालिकाले पूर्णता पाएसँगै जेठ १६ गते गाउँपालिकाको पहिलो बैठक बोलाइएको छ ।


## उमाकुण्ड गाउँपालिकाको कार्यपालिका सदस्य चयन

रामेछाप । रामेछापको उमाकुण्ड गाउपालिकाको गाउकार्यपालिकामा गठबन्धनको प्यानल बिजयी भएको छ । त्यहाँ नेकपा एमाले र माओवादी केन्द्रबीच कार्यपालिका गठनमा तालमेल भएको थियो । नेपाली काग्रेससंग तालमेल गर्ने सहमति गरेको माओवादी केन्द्रले अन्तिममा एमालेसंग तालमेल गरेको थियो । गाउँकार्यपालिका गठन गर्न निर्धारित समयमा उम्मेद्वारी दर्ता गर्न नसकेको माओवादी केन्द्रको नेपाली कांग्रेससंग तालमेल गर्ने मौखिक सहमति भएपछि उम्मेद्वारी दर्ता गराएको कांग्रेसलाई माओवादी केन्द्रले अन्तिममा धोका दिएको स्रोत बताउछ ।

पालिका अध्यक्ष एमालेका शेरबहादुर सुनुवार र उपाध्यक्षमा नेपाली कांग्रेसकि सावित्री सुनुवार रहेको त्यहाँ एक वडा कांग्रेस र दुई वडा माओवादी केन्द्रले बाहेक सबै वडा एमालेले जितेको थियो ।आज गाउँकार्यपालिका गठन गर्दै एमालेबाट हेमन्त कुमार सुनुवार, मनिता सुनुवार, सुन्तली बिक सदस्य बनेका हुन् । त्यहाँ एमाले र माओवादी केन्द्रले ३-३ सिटमा भागबण्डा मिलाएका हुन् । त्यस्तै माओवादी केन्द्रबाट त्यहाँ मेलिना बस्नेत, करुणा खाती र आङ गेली शेर्पा कार्यपालिका सदस्य बनेका छन् । यसरी माओवादीले अन्तिममा 'मुड्चेन्ज' गर्दा कांग्रेस कार्यपालिकाबाट बाहिर बस्न बाध्य बनेको छ । निर्वाचित एमाले र माओवादीका गाउँकार्यपालिका सदस्यहरुलाई पालिका अध्यक्ष सुनुवारले सपथ खुवाएका छन्, साथै प्रमाणपत्र पनि प्रदान गरिएको छ ।

## लिखु तामाकोशी गाउँपालिकाको कार्यपालिका सदस्य चयन

रामेछाप । रामेछापको लिखु तामाकोशी गाउँपालिकाको, गाउँकार्यपालिका समिति गठनमा गठबन्धनको प्यानलै बिजयी भएको छ । गत वैशाख ३० गते



निर्वाचित पालिका अध्यक्ष र उपाध्यक्ष बाहेक आज कार्यसमिति गठन गर्न गठबन्धन भएको त्यहाँ नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रबीच तालमेल भएको थियो । लिखु तामाकोशीमा पालिकामा अध्यक्ष नेपाली कांग्रेसबाट केशव महत बिजयी भएका छन्, भने उपाध्यक्षमा एमालेकी दीपा पाखिन बिजयी भएकी छन् । कूल ३७ भोट रहेको गाउँकार्यपालिका गठनमाको मतदानमा गठबन्धनले २० भोट पाउदै बिजयी भएको हो । त्यस्तै पराजित नेकपा एमाले १७ को भोट रहेको थियो । गठबन्धन भएको गाउकार्यपालिका गठनमा माओवादी केन्द्रबाट ४ जना बलबहादुर सार्की, ईन्द्रमयाँ श्रेष्ठ, चन्द्रकुमारी बिक र कल्पना पाण्डे परे भने । दुई जना सदस्य पाएको नेपाली कांग्रेसबाट रामबहादुर सुनुवार र सरिता नेपाली परेका हुन् । मतगणनापछि निर्वाचित भएका उनीहरुलाई पालिका अध्यक्ष महतले पदतथा गोपनियताको सपथ खुवाएको पालिका अध्यक्ष महतले रामेछाप टाइम्सलाई जानकारी दिए । निर्वाचित उनीहरुलाई प्रमाणपत्र वितरण पनि गरिएको छ । योसंगै त्यहाँको कार्यपालिकाले पूर्णता पाएको छ । कार्यपालिका बैठक कहिले बस्ने भन्ने प्रश्नमा त्यसबारे छलफल भैरहेको बताए । यसअगाडि दोरम्बा शैलुङ् गाउँपालिकाको गाउँकार्यपालिकाले पूर्णता पाइसकेको छ ।

# सिन्धु विकास बैंकद्वारा रक्तदान कार्यक्रम आयोजना, ११८ जनाले गरे रक्तदान

सिन्धु विकास बैंक लिमिटेड, बाह्वविसेको आयोजनामा सामाजिक उत्तरदायित्व अन्तर्गत बाह्वविसे नगरपालिका वडा नं. ४ स्थित बैंकको प्राङ्गणमा खुला



रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा बाह्वविसे नगरपालिका नवनिर्वाचित नगर प्रमुख बाल कृष्ण बस्नेत, उप प्रमुख मन्जु तामाङ्ग, बाह्वविसे नगरपालिका वडा नं. ४ का वडाअध्यक्ष तथा नव निर्वाचित जनप्रतिनिधि ज्यूहरु, नेपाल रेडक्रस सोसाईटी सिन्धुपाल्चोकका प्रतिनिधिहरु लगाएत बैंकका उच्च ब्यवस्थापनको समेत उपस्थिति रहेको थियो । उक्त खुला रक्तदान कार्यक्रममा बाह्वविसे नगरपालिकाका नव निर्वाचित नगर प्रमुख बाल कृष्ण बस्नेत, उप प्रमुख मन्जु तामाङ्ग लगायत जनप्रतिनिधिहरुलाई बैंकको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत राम कुमार गिरीले बधाई तथा शुभकामना समेत प्रदान गर्नुभयो । उक्त कार्यक्रममा बाह्वविसे बजार लगायत आसपास क्षेत्रका स्थानिय वासिन्दा तथा विभिन्न बैंक वित्तीय संस्था एवं अन्य संघ संस्थाका प्रतिनीधिहरु समेत गरी ११८ जनाले रक्तदान गर्नु भएको थियो । सिन्धुपाल्चोक जिल्लाकै प्रथम विकास बैंकको रुपमा स्थापित यस बैंकले आफ्नो कार्यक्षेत्र सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक, मकवानपुर र चितवन जिल्ला समेत गरी ५ जिल्लाहरुमा २४ वटा शाखा कार्यालयहरु र २ वटा सिमित बैकिङ्ग ईकाइबाट बैकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ । बैंकले आफ्नो कार्यक्षेत्रका अधिकांश ग्रामिण भेगहरुमा बैंकिङ्ग सेवा विस्तार गरी उक्त क्षेत्रमा बसोवास गर्ने सर्वसाधारण ब्यक्तिहरुलाई सर्वसुलभ तवरले सेवा प्रदान गर्दै आईरहेको छ । बैंकले हाल रहेको प्रतिस्पर्धी बजारमा ग्राहकहरुको सुविधाको लागी सम्पूर्ण शाखा कार्यालयहरु मार्फत सन्ध्याकालिन बैकिङ्ग सेवा, मोवाईल बैकिङ्ग, SCT डेबिट कार्ड, SMS Banking, QR Code, C–ASBA लगायत सेवाहरु प्रदान समेत गर्दै आईरहेको छ ।

# बैंक अफ काठमाण्डूका ग्राहकहरुलाई १० प्रतिशतको छुट

बैंक अफ काठमाण्डू लिमिटेड र हसट्याग फुड तथा बार प्रा. लि.बिच बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग बाट क्यूआर कोड स्क्यान गरी भुक्तानी गर्दा बैंकको आदरणीय ग्राहक महानुभावहरुलाई १०% छुट उपलब्ध गराउने सम्झौता भएको छ । यस सम्झौता पश्चात् ग्राहक महानुभावहरुले हसट्याग फुड तथा बार, एयरपोट रोड, विराटनगरमा उपलब्ध हुने सम्पूर्ण




सेवाहरुमा एकमुष्ठ १०% सम्मको छुट पाउनुहुनेछ । उक्त छुटको उपयोग गर्नको लागि ग्राहक महानुभावहरुले बैंकको कार्ड तथा मोबाइल बैंकिङ्गको प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ । हसट्याग फुड तथा बारले एयरपोट रोड, विराटनगरबाट सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा तथा सुविधाहरु प्रदान गर्दै आईरहेको छ । हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले ९८ शाखा कार्यालयहरु, ९३ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ ।

# लुम्बिनी विकास बैंकका नयाँ शाखा विस्तार

लुम्बिनी विकास बैंकले देशका विभिन्न ठाउँमा बैंकिङ सेवा पु-याउने उद्देश्यले बिहीबार थप ३ शाखा सञ्चालनमा ल्याएको छ । नयाँ खोलिएका शाखाहरुमा कञ्चनपुर जिल्ला, कृष्णपुर नगरपालिका -२ स्थित बाणी शाखा, कैलाली जिल्ला लम्कीचुहा नगरपालिका वडा नं.१ स्थित लम्की शाखा र कैलालीको गौरीगङ्गा नगरपालिका-७ स्थित मसुरिया शाखा रहेका छन् । बैंकको




बाणी शाखाको बैंकका सञ्चालक चिन्तामणि भट्टराई र कृष्णपुर नगरपालिकाका नगर प्रमुख हेमराज ओझाले संयुक्त रुपमा उद्धाटन गरे । त्यस्तै लम्की शाखाको बैंकका सञ्चालक समितिका अध्यक्ष दशरथ रिसाल, लम्कीचुहा नगरपालिकाका नगर प्रमुख सुशीला शाही र उद्योग वाणिज्य संघ लम्कीचुहाका निवर्तमान अध्यक्ष पदमराज चौलागाईले संयुक्त रुपमा उद्धाटन गरे । यस्तै मसुरिया शाखाको बैंकका सञ्चालक केशव खतिवडा र गौरीगङ्गा नगरपालिकाका नगर प्रमुख देविदत्त कँडेलले संयुक्त रुपमा उद्धाटन विकास गरेका छन् ।

# राष्ट्रिय वाणिज्य बैंक र नेपाल पुनर्बीमा कम्पनीबीच सम्झौता

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल पुनर्बीमा कम्पनी लिमिटेडबीच तलबी खाता तथा पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र पुनर्बीमाका प्रमुख कार्यकारी अधिकृत शंकरकुमार रायमाझीले हस्ताक्षर गर्नुभएको छ । उक्त सम्झौता भएपश्चात दुईवर्ष सेवाअवधि पूरा गरेका पुनर्बीमा कम्पनीका कर्मचारीहरुलाई पुनर्बीमाको सिफारिसमा अधिकतम १५ लाख रुपैयाँसम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने छ । बैंकले आधार दरमा २ प्रतिशत प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ । हाल बैंकको आधार दर ६.९७ प्रतिशत रहेको छ । सम्झौता अनुसार पुनर्बीमा कम्पनीको कर्मचारीहरुको तलबी खाता बैंकले संचालन गर्नेछ । यस सम्भौता पश्चात दुवै पक्ष लाभान्वित भई पुनर्बीमाका कर्मचारीहरुको सम्मानपूर्वक जीवनयापन गर्नमा विशेष योगदान पुग्ने विश्वास गरिएको छ ।



कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले यो सम्झौताले दुई सरकारी संस्थाको व्यवसाय विस्तारमा सहयोग पुग्ने बताउनुभयो । पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत शंकरकुमार रायमाझीले दुई संस्थाबिचको सम्बन्धलाई व्यवहारीक र बस्तुपरक बनाउदै लैजाने बताउनुभयो । कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनालले कार्यक्रमको विषयबस्तु बारे प्रकाश पार्नुभएको थियो । कार्यक्रममा बैंकका विभागीय प्रमुख राज्य लक्ष्मी खड्गी, पुनर्बीमा कम्पनीका बरिष्ठ प्रबन्धक रन्जना थकुलवट, प्रबन्धक सरोज कोइराला, थापाथली शाखाका शाखा प्रबन्धक बिक्रममान श्रेष्ठ लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । देशभर बैंकको हाल २५८ वटा शाखा कार्यालय, २४५ वटा ए.टि.एम, ४३ स्थानमा एक्सटेन्सन काउण्टर, ९८ शाखारहित बैंकिंग सेवा सहित आधुनिक डिजिटल बैंकिङ्गको माध्यमबाट सेवा प्रवाह गर्दै आएको छ ।

# गरिमा विकास बैंकका ग्राहकहरुलाई ब्लुक्रस हस्पिटलमा विशेष छुट

गरिमा विकास बैंकले काठमाडौंको त्रिपुरेश्वरमा अवस्थित ब्लुक्रस हस्पिटलसँग हस्पिटलले प्रदान गर्ने विभिन्न स्वास्थ्य सेवामा आर्कषक छुट सम्बन्धि सम्झौता गरेको छ । सम्झौता अनुरुप, ब्लुक्रस हस्पिटलले यस विकास बैंकका मोबाईल बैंकिङ तथा डेबिट कार्ड प्रयोगकर्ताहरुलाई स्टाण्डर्ड हेल्थप्याकेज र वार्षिक हेल्थ स्क्रीनिङ्ग प्याकेजमा ४५ प्रतिशतसम्मको छुट प्रदान गर्नेछ । साथै, अन्य स्वास्थ्य




सेवाहरुमा पनि आर्कषक छुटको व्यवस्था गरेको छ । ग्राहकमहानुभावहरुले छुट सम्बन्धि विस्तृत जानकारी यस विकास बैंकको आधिकारीक वेवसाईट www.garimabank.com.np बाट पनि हेर्न सक्नुहुनेछ । हाल, यस विकास बैंकले नेपालभर ११९ शाखा कार्यालय, १ एक्स्टेन्सन कार्यालय एवं ५१ एटिएमबाट सरल, सुलभ तथा गुणस्तरीय बैकिङ्ग सेवा दिँदै आइरहेको छ ।

# मुक्तिनाथ विकास बैंक र मेराकी होलिस्टीक वेलनेस रिट्रिटबीच सम्झौता

मुक्तिनाथ विकास बैंक र काठमाडौंको बुढानिलकण्ठमा रहेको मेराकी होलिस्टीक वेलनेस रिट्रिटबीच् छुट दिनेबारे सम्झौता भएको छ । बैंकले आफ्ना भिषा डेविट कार्डवाहक तथा मोबाइल बैंकिङ ग्राहकलाई थप सेवा दिन मेराकी होलिस्टीक वेलनेस रिट्रिटसँग विभिन्न सेवामा १५ प्रतिशतसम्म छुट प्रदान गर्ने सम्झौता



गरेको छ । बुढानीलकण्ठमा रहेको मेराकी होलिस्टीक वेलनेस रिट्रिटले स्पा सम्बन्धी विभिन्न थेरेपी पनि प्रदान गर्दै आएको छ । कार्यक्रममा बैंकका तर्फबाट, संस्थागत मामिला विभाग प्रमुख बसन्त बक्शी र अन्य कर्मचारीको उपस्थिति तथा मेराकी होलिस्टीक वेलनेस रिट्रिटको तर्फबाट रेसिडेन्ट म्यानेजर अरुणकुमार झा र अन्य सदस्यहरु उपस्थित थिए । बैंकले डिजिटल कारोबार लाई प्रोत्साहन गर्न यस विकास बैंकको एटीएम कार्ड प्रयोग गरी नेपालभरी र हेको भिसा नेटवर्कमा आवद्ध अन्य जुनसुकै बैंकको एटीएम मेसिनबाट निःशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको जनाएको छ । त्यसैगरी प्रिपेड डलर कार्ड, मोबाइल बैंकिङ, क्यूआर कोड, अनलाइन कर्जा आवेदन, अनलाइन खाता खोल्ने, इन्टरनेट बैंकिङ, खाता मै रेमिट्यान्स जम्मा तथा मिस्डकल बैंकिङलगायतका सेवा सञ्चालन गर्दै आएको जनाएको छ ।

## अर्थ संसार

# वार्षिकोत्सवमा महालक्ष्मी विकास बैंकको रक्तदान

महालक्ष्मी विकास बैंक २८औं वर्षमा प्रवेश गरेको छ । जेठ महिनालाई

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

वार्षिकोत्सव महिनाका रूपमा मनाउन लागेको महालक्ष्मी विकास बैंकले आफ्नो २८औं वार्षिकोत्सवका अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । बैंकले देशका विभिन्न स्थानमा रहेका आफ्ना ३१ वटा शाखामार्फत रक्तदान कार्यक्रम गरेको हो । उक्त शाखमामार्फत एक हजार २८ पिन्ट रगत संकलन गरेको बैंकले जनाएको छ ।

स्वास्थ्य क्षेत्रमा अभावका रूपमा देखापर्ने रगत व्यवस्थापनमा सहजता होस् भन्ने उद्देश्यले बैंकले वार्षिकोत्सवको अवसर पारेर रक्तदान कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

# सिटिजन्स बैंक र बज रेस्टुरेन्टबीच समझदारी

सिटिजन्स बैंक इन्टरनेसनल र सुर्खेतस्थित बज रेस्टुरेन्टबीच सिटिजन्स



बैंकका कार्डबाहकहरूलाई छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारी पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले बज रेस्टुरेन्टका सेवा सुविधाहरूमा १० प्रतिशत छुट पाउने जनाइएको छ ।

# एभरेष्ट बैंक र सहारा फिजियोथेरापी अस्पतालबीच सम्झौता

एभरेष्ट बैंक र सहारा फिजियोथेरापी अस्पतालबीच सम्झौता महाराजगञ्जबीच अस्पतालले कार्डधारक, मोबाइल बैंकिङ प्रयोगकर्ता र




बैंकका कर्मचारीहरूलाई विशेष छुट दिने सम्झौतामा हस्ताक्षर भएको छ ।

एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ र सहारा फिजियोथेरापी अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा. हरिकुमार लम्सालले सो सम्झौताको एमओयू आदानप्रदान गरेका छन् । कार्यक्रममा डा. लम्सालले बैंकका सबै कार्डधारक, मोबाइल बैंकिङ प्रयोगकर्ता र कर्मचारीहरूलाई अस्पतालले विभिन्न सेवाहरूमा १० देखि १५ प्रतिशतसम्म छुट दिने बताए ।

# एनएमबि बैंकले २१.९३ मेगावाटको काबेली ३ जलविद्युतमा लगानी गर्ने

एनएमबि बैंकले २१.९३ मेगावाटको काबेली ३ जलविद्युत आयोजनाको मुख्य लगानीकर्ता भई वित्तीय व्यवस्थापन गरेको छ । प्रदेश १ अन्तर्गत



ताप्लेजुङ जिल्लामा रहेको सिरीजङ्घा गाउँपालिकामा निर्माण भइरहेको कावेली ३ जलविद्युत आयोजना काबेली हाइड्रो पावर कम्पनीद्वारा प्रवर्द्धन गरिएको जलविद्युत आयोजना हो । सो आयोजनामा एनएमबि बैंक अगुवा बैंक रहेको छ भने सहवित्तीय करणमा सहभागी अन्य बैंकमा सेञ्चुरी कमर्सियल बैंक रहेको छ । २१.९३ मेगावाट क्षमता भएको सो आयोजनाको कुल अनुमानित लागत ४ अर्ब २८ करोड ५० लाख रहेको छ । जसमध्ये बैंकहरुको ऋण लगानी ३ अर्ब २१ करोड ३० लाख रहने बताइएको छ ।

# रामेछाप जिल्लामा नव निर्वाचित पदाधिकारीहरुको नामवली यसप्रकार छ

**उमाकुण्ड गाउँपालिका अध्यक्ष र उपाध्यक्ष**
१. शेरबहादुर सुनुवार अध्यक्ष नेकपा (एमाले)
२. सावित्री सुनुवार, उपाध्यक्ष नेपाली कांग्रेस

**उमाकुण्ड गाउँपालिका वडा अध्यक्षहरु**
१. डावातिन्डु शेर्पा नेकपा एमाले
२.खम्बाध्वज वस्नेत नेकपा माओवादी केन्द्र
३. गुण कुमार थापा नेकपा एमाले
४.मानबहादुर सुनुवार नेकपा माओवादी केन्द्र
५. कुलबहादुर बस्नेत नेकपा एमाले
६. भरतराज खड्का नेपाली कांग्रेस
७.रुद्रमणि नेवार नेकपा एमाले

**गोकुलगंगा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष**
१. काजीबहादुर खड्का दिनेशअध्यक्ष नेपाली कांग्रेस
२. उषा वस्नेत कार्की, उपाध्यक्ष नेपाली कांग्रेस

**गोकुलगंगा गाउँपालिका वडा अध्यक्षहरु**
१. छत्र बहादुर बस्नेत नेपाली कांग्रेस
२. सुन्दर कार्की नेपाली कांग्रेस
३. नरविक्रम कार्की नेकपा एमाले
४.रामचन्द्र वस्नेत नेपाली कांग्रेस
५.दीपक कार्की नेकपा एमाले
६. चन्द्र बहादुर सुनुवार नेपाली कांग्रेस

**लिखु तामाकोसी गाउँपालिका अध्यक्ष र उपाध्यक्ष**
१. केशव महत, अध्यक्ष नेपली कांर्ग्रेस
२. दिपा पाखिन, उपाध्यक्ष नेकपा एमाले

**लिखुतामाकोसी गाउँपालिका वडा अध्यक्षहरुमा**
१. प्रदिप तामाङ नेकपा एमाले
२.सन्तोष पौडेल नेकपा एमाले
३. गोपालराज तामाङ नेकपा माओवादी केन्द्र
४.दिपक कुमार मगर नेपाली कांग्रेस
५.रोम बहादुर तामाङ नेपाली कांग्रेस
६. शिव प्रसाद न्यौपाने नेकपा एमाले
७. कैलाश कुमार दर्लामी माओवादी केन्द्र

**सुनापति गाउँपालिका अध्यक्ष र उपाध्यक्ष**
ठूलोकान्छा तामाङ अध्यक्ष नेकपा माओवादी केन्द्र
गिता विष्ट (चौलागाई) उपाध्यक्ष नेकपा माओवादी केन्द्र

**सुनापति गाउँपालिकाका वडा अध्यक्षहरु**
१. ध्रुव चौलागाई नेपाली कांग्रेस
२.पदम थापामगर नेकपा माओवादी केन्द्र
३. कुलबहादुर थिङ नेकपा माओवादी केन्द्र
४. दण्डुप लामा नेकपा माओवादी केन्द्र
५. चित्रबहादुर मानन्धर नेकपा माओवादी केन्द्र

**रामेछाप नगरपालिका नगर प्रमुख र उपप्रमुख**
१. लवश्री न्यौपाने, नगरप्रमुख नेपाली कांग्रेस
२. बालकुमारी कार्की, नगर उपप्रमुख नेपाली कांग्रेस

**रामेछाप नगरपालिकाका वडा अध्यक्षहरु**
१.रेखबहादुर कार्की नेपाली कांग्रेस
२.निर कुमार श्रेष्ठ नेकपा माओवादी केन्द्र
३. दलबहादुर प्रधान नेपाली कांग्रेस
४.कृपा थापामगर नेपाली कांग्रेस
५. हरिशचन्द्र श्रेष्ठ नेपाली कांग्रेस
६.राजेश तामाङ नेपाली कांग्रेस
७.समिर कार्की नेपाली कांग्रेस
८.सन्तोष तामाङ नेपाली कांग्रेस
९.चन्द्र बहाादुर श्रेष्ठ नेकपा माओवादी केन्द्र

**मन्थली नगरपालिकामा नगर प्रमुख र नगर उपप्रमुख**
१. लव श्रेष्ठ, नगरप्रमुख नेकपा एमाले
२. ईश्वरी वस्नेत, नगर उपप्रमुख नेकपा एमाले

**मन्थली नगरपालिकाका वडा अध्यक्षहरु**
१.रामहरि पौडेल नेपाली कांग्रेस
२.सुरेन्द्र कार्की नेकपा एमाले
३.कृष्ण गोपाल थापा नेकपा एमाले
४.राजन घिमिरे नेपाली कांग्रेस
५. रविन कार्की नेकपा एकीकृत समाजवादी
६.अशोक कुमार तामाङ नेपाली कांग्रेस
७.भुवनहरि प्रसाई नेपाली कांग्रेस
८.गोपाल श्रेष्ठ नेकपा एमाले
९. गोकर्णराज आराण नेकपा एमाले
१०. गोपिलाल तामाङ नेपाली कांग्रेस
११.भिमबहादुर थापामगर नेकपा माओवादी केन्द्र
१२.खिलेन्द्र खत्री नेपाली कांग्रेस
१३.नवराज थापामगर नेकपा एमाले
१४. मोतीलाल तामाङ नेकपा एमाले

**दोरम्बा शैलुङ गाउँपालिका अध्यक्ष र उपाध्यक्ष**
१. मैनकुमार मोक्तान, अध्यक्ष नेकपा माओवादी केन्द्र
२. खमला थापामगर, उपाध्यक्ष नेपाली कांग्रेस

**दोरम्बा शैलुङ गाउँपालिकाका वडाअध्यक्षहरु**
१. प्रेम लामा नेकपा एमाले
२.मेचमान योञ्जन, वडाअध्यक्ष नेकपा माओवादी केन्द्र
३. सन्तलाल थापामगर नेपाली कांग्रेस
४. श्यामलाल घिसिङ नेपाली कांग्रेस
५. गंगालाल तामाङ नेकपा माओवादी केन्द्र
६. टिका प्रसाद गौतम नेकपा एमाले
७. प्रविण मोक्तान नेकपा माओवादी केन्द्र

**खांडादेवी गाउंपालिका अध्यक्ष र उपाध्यक्ष**
ज्ञानकुमार श्रेष्ठ, अध्यक्ष नेकपा एमाले
रमा घिसिङ नेकपा एमाले


**खाँडादेवी गाउँपालिकाका वडा अध्यक्षहरु**
१. रामकुमार श्रेष्ठ नेकपा माओवादी केन्द्र
२.केशव कुमार प्रधान नेकपा एमाले
३.पुष्करकुमार कार्की नेकपा एमाले
४. कृष्णप्रसाद पौडेल नेकपा एमाले
५.मनोज पौडेल नेकपा एमाले
६. नारायण कार्की नेपाली कांग्रेस
७.सिरे तामाङ नेकपा एमाले
८. जंगलाल तामाङ नेकपा एमाले
९. अकलबहादुर भण्डारी नेकपा एमाले

जिल्लाभरी वडा अध्यक्षहरुमा नेकपा एमाले २४, नेपली काग्रेस २४, नेकपा माओवादी केन्द्र १५ र नेकपा एकीकृत समाजवादी १ रहेका छन् ।

नेपाली काग्रेसले गाउँपाकिा अध्यक्ष २ उपाध्यक्ष ३ नगरपालिकामा नगर प्रमुख १ नगर उपप्रमुख १

नेकपा एमालेले नगरप्रमुख १ नगर उपप्रमुख १ गाउपालिका अध्यक्ष २ उपाध्यक्ष २

नेकपा माओवादी केन्द्रले गाउपालिका अध्यक्ष २ उपाध्यक्ष १ जितेका छन् ।




# बागमतीको नीति तथा कार्यक्रम : नारा बढी, योजना कम

चुरेमकवानपुर । बागमती प्रदशको नीति तथा कार्यक्रम सोमबार प्रदेश सभामा पेश गरिएको छ । प्रदेशको प्रदेश प्रमुख यादवचन्द्र शर्माले आगामी आर्थिक वर्षको लागि प्रदेशको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । नीति तथा कार्यक्रममा समेटिएको योजनाहरुमा नारा बढी र योजनाहरु कम देखिएको छ । कुल १६९ बुँदामा समेटिएको नीति तथा कार्यक्रममा ३ दर्जन बढी त प्रदेश सरकारको अभियानका नाराहरु समेटिएका छन् ।

नीति तथा कार्यक्रमलाई सम्बोधन गर्न बजेट तयार गरिनेछ । 'बागमती प्रदेश, पूर्णउज्यालो प्रदेश' कार्यक्रम अन्तर्गत विद्युत् सेवाबाट बञ्चितघर परिवारका लागि ग्रामीण विद्युतीकरण, सोलार मिनी ग्रिड वा अन्य वैकल्पिक ऊर्जाको प्रयोग मार्फत स्वच्छ तथा नवीकरणीय ऊर्जाको पहुँच पुऱ्याउने नीति लिइने, 'खाद्य सुरक्षाका लागि उत्पादन, उत्पादनका लागि सिँचाई' भन्ने नारालाई साकार पार्न प्रदेश स्तरका निर्माणाधीन सिँचाइ आयोजनाहरू सम्पन्न गरिने, सम्भाव्यताको आधारमा नयाँ आयोजनाहरूलाई अगाडि बढाइने नीति लिइएको छ । यसैगरी नाफामूलक कृषिः किसानको समृद्धिका लागि कृषि बाली वस्तुको न्यूनतम समर्थन मूल्य तोक्न आवश्यक व्यवस्था मिलाइने, स्वस्थ माटो, दिगो उत्पादनको मूल बाटो भन्ने अवधारणाका साथ माटो परीक्षण गर्ने कार्यलाई तीव्रता दिई माटो स्वस्थता प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाइने, प्रदेशको शान, मौलिक कृषि हाम्रो पहिचान अभियानका साथ रैथाने बाली तथा पशुपक्षीहरूको पहिचान, संरक्षण, सम्वद्धन, प्रवद्धन र विस्तार गर्दै व्यावसायिक बनाउन विशेष परियोजना लागू गरिने कार्यक्रम सार्वजनिक गरिएको छ । यसैगरी स्वदेशमै रोजगारी गरौं भन्ने नाराका साथ विदेशबाट फर्केका तथा स्वदेश भित्र हरेक वर्ष श्रम बजारमा प्रवेश गर्ने तर रोजगारीको अवसरबाट वञ्चित युवाहरूलाई नवीन उद्यम मार्फत स्वरोजगार बनाउन सीप, श्रोत र साधन उपलब्ध गराउने गरी गरिखाने अभियान सञ्चालनमा ल्याइने नीति लिइएको छ । यसै गरी बागमती प्रदेशको इच्छा, समृद्धिको लागि प्राविधिक शिक्षा भन्ने नाराका साथ प्राविधिक शिक्षा सञ्चालन भइरहेका शिक्षालयहरूलाई प्रोत्साहन गरिने, माध्यामिक तहमा कृषि तथा पशु सेवासम्बन्धी विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई प्रोत्साहन गरिने, औपचारिक तथा अनौपचारिक पद्धतिबाट सिकेको प्राविधिक ज्ञान, सीप र दक्षताको परीक्षण तथा प्रमाणीकरण गर्ने व्यवस्था मिलाइने, प्रत्येक व्यक्तिलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइको पहुँच पुऱ्याउन एकघर एक धारा, पूर्ण सरसफाइ हाम्रो अभिभारा अभियानलाई अगाडि बढाइने पनि नीति लिइएको छ ।

स्थानीय तह एवम् निजी क्षेत्रको सह लगानीमा खानेपानी आयोजना एवम् महत्वपूर्ण सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माण गर्ने नीति लिइने प्रदेश प्रमुख शर्माले बताए । यसैगरी बागमती प्रदेश सरकारले प्रदेशमा एक वडा,एक पशु सेवा कार्यालय स्थापना गर्ने, छोरीबुहारी छात्रावृत्ति कार्यक्रमलाई निरन्तरता दिने, प्रदेश स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्नेदेखि बैज्ञानिक खोज अनुन्धान परिषद स्थापना गरिने जस्ता विभिन्न महत्वकाक्षि कार्यक्रम सार्वजनिक गरेको छ ।

प्रदेश सरकारबाट प्रदान गरिने सेवालाई अपाङ्गमैत्री बनाइने, बालमैत्री स्थानीय तह घोषित स्थानीय तहलाई विशेष प्रोत्साहन गरिने, लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता, कार्यस्थलमा हुने हिंसा निरुत्साहनको लागि विशेष कार्यक्रम गरिने सार्वनिक गरिएको छ ।

# खेलकुद

## ओलम्पिक र एसियाली खेलकुदमा पदक जित्ने खेलाडीलाई आजीवन भत्ता

काठमाण्डौ । सरकारले ओलम्पिक र एसियाली खेलकुदमा पदक जित्ने खेलाडीलाई आजीवन भत्ता दिने भएको छ ।

आउँदो आर्थिक वर्ष २०७९/८० को बजेटमा खेलाडीलाई आजीवन भत्ता दिने उल्लेख छ । बजेटमा भनिएको छ, 'एसियाली र ओलम्पिक खेलकुदमा पदक प्राप्त गर्ने खेलाडीलाई आजीवन मासिक जीवन वृत्तिको व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ ।'

## नेपाली क्रिकेट टोली अमेरिका प्रस्थान

काठमाण्डौ । अमेरिकामा आयोजना हुन लागेको आईसीसी विश्वकप लिग २ क्रिकेट प्रतियोगिता अन्तर्गत त्रिकोणात्मक एक दिवसीय शृंखलाका लागि नेपाली टोलीलाई शनिबार बिदाइ गरिएको छ । टोलीलाई युवा तथा खेलकुदमन्त्री महेश्वर जंग गहतराज, क्यानका अध्यक्ष चतुरबहादुर चन्द लगाएतको टोलीले बिदाइ गरेको हो । बिदाइ कार्यक्रममा बोल्दै नेपाली टोलीका कप्तान सन्दीप लामिछानले तयारी राम्रो भएकाले नतिजा पनि राम्रो आउने विश्वास व्यक्त गर्नु भयो ।

धेरै खेल खेल्न बाँकी रहेकाले नेपाली टोलीलाई अर्को चरण पुग्नका लागि पनि शृखंला निकै महत्वपूर्ण रहेको बताउनु भयो । कप्तान लामिछानेले ब्याटिङ पक्षमा सुधार भएको र अमेरिका भ्रमणमा ब्याटिङ पक्षले जिताउनेमा आफू आशवादी रहेको बताउनु भयो । यो भ्रमण एक दिवसीय मान्यता मात्र नभएर क्वालिफायर राउन्ड पनि भएको भन्दै अघिल्लो चरणमा पुग्नका लागि चुनौतीहरु भएको र त्यसको सामना गर्न आफूहरु तयार भएको पनि लामिछानेले बताए । पहिलो पटक शृंखलाका लागि नेपाली टोली अमेरिका भ्रमण गर्न लागेको हो । नेपालले अमेरिका भ्रमण गर्दा आयोजक अमेरिका र ओमानसँग त्रिकोणात्मक शृंखला खेल्नेछ । शृंखला पूर्व नेपाली टोली अमेरिकामा त्यहाँका दुई क्लबसँग अभ्यास खेल खेल्ने तालिका समेत रहेको छ । नेपाली टोलीलाई सम्हालेका मुख्य प्रशिक्षक पुबुदु दशानायकेले नेपाली टोलीको तयारी राम्रो भएको सुखद नतिजा निकाल्नमा आफू आशावादी रहेको प्रतिक्रिया दिए ।

लिग(२ शृंखला अन्तर्गत नेपालले पहिलो खेल ओमानसँग जुन नौ तारिखमा खेल्नेछ । त्यसपछि जुन ११ मा नेपाली टिमले अमेरिकासँग खेल्नेछ भने जुन १४ मा ओमानसँग दोस्रो खेल खेल्ने तालिका रहेको छ । यस्तै जुन १५ मा अमेरिकासँग दोस्रो खेल्ने छ । आईसीसी विश्वकप लिग(२ प्रतिस्पर्धा गरिरहेका ७ टिमले ३६ वटा म्याच खेल्नु पर्छ ।

अहिलेसम्म ३२ म्याच खेलेको ओमानले १९ खेलमा जित र १ खेलमा बराबरी गर्दा १ खेल भने नतिजा विहीन बनेको थियो । ओमान ४० अंकसहित शीर्ष स्थानमा रहेको छ । यसैगरी स्कटल्याण्ड २४ अंकसहित दोस्रो स्थानमा रहँदा यूएई २२ अंकसहित तेस्रो स्थानमा रहेको छ । १२ खेल खेलेको नेपाल अहिले छैटौं स्थानमा छ । पपुवा न्युगिनीले २० खेलमा प्रतिस्पर्धा गर्दा एक मात्र जित निकाल्दै २ अंक जोडेर तालिकाको पुछारमा छ । अमेरिका पाँचौं स्थानमा छ भने नामिविया चौथो स्थानमा रहेको छ । ७ मध्ये शीर्ष ३ मा पर्ने टिमले अर्को वर्ष हुने विश्वकप क्रिकेटको छनोटका लागि स्थान बनाउने छन ।

## च्याम्पियन्स लिगको उपाधि रियल मड्रिडलाई

स्पेनिस क्लब रियल मड्रिडले यूईएफए च्याम्पियन्स लिग फुटबलको उपाधि जितेको छ । फ्रान्सको पेरिसमा गएराति भएको फाइनलमा इङ्लिस क्लब लिभरपुललाई १-० गोलले हराउँदै रियल च्याम्पियन बनेको हो ।

रियलका भिनिसियस जुनियरले खेलको ५९ औं मिनेटमा गरेको गोल नै निर्णायक भयो । यो सँगै रियलले कीर्तिमानी १४औं पटक च्याम्पियन्स लिगको उपाधि जित्न सफल भएको छ ।

च्याम्पियन्स लिगमा रियलसँगको हारसँगै लिभरपुल यो सिजन दुई उपाधिमा सीमित भएको छ । लिग कप र एफए कप जितेको लिभरपुलले प्रिमियर लिग र च्याम्पियन्स लिगमा हार बेहोरेको हो । स्पेनिस क्लब रियल मड्रिडका मुख्य प्रशिक्षक कार्लो एन्सेलोटी युरोपको शीर्ष पाँच लिगको उपाधि जित्ने पहिलो प्रशिक्षक समेत बनेका छन् ।

## मैत्रीपूर्ण खेलमा टिमोर लिस्टेसँग नेपालको बराबरी

काठमाण्डौ । नेपाली राष्ट्रिय फुटबल टोलीले मैत्रीपूर्ण खेलमा टिमोर लिस्टेको २३ वर्षमुनिको टोलीसँग बराबरी खेलेको छ । दोहाको ग्रान्ड हमाद स्टेडियममा नेपालले टिमोर लिस्टेसँग २(२ गोलको बराबरी खेलेको हो ।

पहिलो हाफमा दुई गोलले पछि परेको अवस्थामा नेपालले दोस्रो हाफमा गोल गर्न सफल भयो । एएफसी एसियन कप छनोट अघि दोहामा दुई मैत्रीपूर्ण खेल खेल्ने तालिका अनुसार नेपालले पहिलो मैत्रीपूर्ण खेल टिमोर लिस्टेसँग खेलको हो ।

अब नेपालले जेठ २० गते ओमानसँग खेल्नेछ । नेपाली टोली कतारबाटै कुवेत जानेछ । एएफसी एसियन कप छनोटमा नेपाल समूह 'ए' मा रहेको छ । नेपाल रहेको समूहमा कुवेत, इन्डोनेसिया र जोर्डन रहेका छन् ।

## पारा जुडोमा प्रशान्तलाई स्वर्ण

काठमाडौँ । प्रशान्त श्रेष्ठले पारा राष्ट्रिय खेलकुदअन्तर्गत राष्ट्रिय बहिरा तथा दृष्टिविहीन पारा जुडो प्रतियोगितामा स्वर्ण जितेका छन् । नेपाल बहिरा तथा दृष्टिविहीन पारा जुडो संघको समन्वयमा राष्ट्रिय खेलकुद परिषद् ( राखेप) द्वारा आयोजित प्रतियोगिताको बहिरातर्फ पुरुष ४०-५० केजीमा प्रशान्तले श्रीजुलाल श्रेष्ठलाई हराए ।

बानेश्वरमा भएको प्रतियोगिताको बहिरातर्फ नै पुरुष ५०-६० केजीमा ऋषिमनि शर्मा, महिला ३०-४० केजीमा सोनीकुमारी शाह, महिला ४०-५० केजीमा निर्जला खड्का, महिला खुलामा योजना सापकोटा तथा महिला ५०-६० केजीको 'ए' मा आरती शाह, 'बी' मा सुष्मा तामाङ र 'सी' मा भूमिका कार्की पहिलो भए ।

दृष्टिविहीनको पुरुष ४०-५० केजीमा संयोग आचार्य र ६०-७० केजीमा प्रकाश रुम्बा पहिलो स्थान हात पार्न सफल भए । एकदिने प्रतियोगितामा ३६ खेलाडी सहभागी थिए ।

# भूगोलद्वारा चार कृति सार्वजनिक

भूगोल साहित्य समाज' ले गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते एक भव्यकार्यक्रमको आयोजना गरेको छ। समाजको आयोजनामा राष्ट्रिय महिला आयोगको सभाकक्ष, भद्रकाली प्लाजामा आयोजित कार्यक्रम मासमाजद्वारा प्रकाशित देहाय बमोजिमका चारवटा कृति एकैसाथ विमोचन गरिए :




अभिव्यञ्जना संयुक्त छेस्का कविता सङ्ग्रह, सर्जकहरू : ओम आचार्य, किशनपौडेल, खगेन्द्रप्रसाद बस्याल, जयनारायण नेपाल, टङ्क पन्थ, मुरारी राज मिश्र, एलपी पराजुली, विनोद नेपाल र हृदय लेकाली। अभिव्यञ्जना छेस्का कविताको प्रथम कृति हो।

फूलको हार्दिकता कविता सङ्ग्रह, कवि ओम आचार्य।

छनक छेस्का कविता सङ्ग्रह र काव्य(सुधा रम्बाससङ्ग्रह, कवि एलपी पराजुली

उक्त कृतिहरू सभाका प्रमुख अतिथि प्राज्ञ देवी नेपाल, विशिष्ट अतिथि किरण कुमार श्रेष्ठर सभापति विनोद नेपालले संयुक्त रूपमा गर्नुभएको थियो।

कार्यक्रममा समीक्षक टङ्क पन्थले फूलको हार्दिकता र छनक तथा समीक्षक दीपक सुवेदीले काव्यसुधाको सङ्क्षिप्त समीक्षा गर्नुभएको थियो।

प्रमुख अतिथि डा.नेपालले विमोचित कृति अभिव्यञ्जनाको समीक्षा प्रस्तुत गर्दै मितव्ययीता, खिरिलो र चोटिलो प्रस्तुति अनिविद्युतीय झट्का प्रवाहित गर्नु नै छेस्काको खास प्रकृति रहेको बताउनु भयो। वर्तमानमा नेपाली साहित्यमा देखा परेका लुघ आकारका काव्य उपबिधाहरू र तिनको भविष्यबारे चर्चा गर्दै उहाँले 'नयाँ उपबिधा प्रवर्तन हुनु भाषा र साहित्यको दृष्टिले अत्यन्त राम्रो भए पनि साहित्यिक सिर्जनामा साहित्यका गुणहरू हुनैपर्ने बताउनु भयो। उहाँले यसो हुन नसकेमा यस्ता लेखन प्रवर्तकहरूमा मात्र सीमित हुने अवस्था आउने र त्यो दुर्भाग्यपूर्ण हुने धारणा पनि राख्नु भएको थियो।

आमन्त्रित स्रष्टा एवम् विद्वतजनहरू तथा कार्यक्रमको उपस्थितिर धैर्यता प्रति लक्षित गर्दै डा.नेपालले गुणात्मक मूल्यका दृष्टिले कार्यक्रम उच्च प्रकृतिको र भव्य भएको विचार व्यक्त गर्नु भयो भने कार्यक्रममा दार्जिलिङका विद्वान साहित्यकारहरूको उपस्थितिले कार्यक्रम अन्तर्राष्ट्रिय बन्न पुगेको धारणा पनि राख्नुभयो। स्मरणीय छ, सो कार्यक्रममा भारतको दार्जिलिङबाट आउनु भएका साहित्यकार एवम् नेपाली भाषा आन्दोलनका जीवित योद्धा प्राः तेजमान बराईलीलाई समाजकातर्फबाट सम्मान गरिएको थियो।

कार्यक्रमका विशिष्ट अतिथि राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले कृतिकारहरूलाई बधाई दिनुहुँदै हाल आफूले नेतृत्व गरिरहेको संस्थाभित्र यति धेरै सर्जक रहेको थाहा पाउँदा खुसी लागेको बताउँदै आफ्नै संस्थाबाट निवृत्त भएकाहरूले गठन गरेको साहित्यिक संस्थाले आयोजना गरेको भव्य कार्यक्रममा उपस्थित हुन पाउँदा विशेष खालको आनन्दको अनुभूति भएको विचार व्यक्त गर्नुभयो।

भारतको दार्जिलिङबाट आउनु भएका भाषासेवीद्वय डा.शुकराज दियाली र प्राध्यापक तेजमान बराइलीले शुभकामना मन्तव्यका क्रममा नेपाली भाषा र माटो प्रतिको स्नेह तथा गौरव बारे प्रकाश पार्नुभयो। स्मरणीय छ, कार्यक्रममा प्रमुख अतिथि डा. नेपालले भारतीय नेपालीहरूमा तेजमान बराइलीको नामलिंदाश्रद्धाले शिर झुकाउने धेरै रहेको बताउनु भएको थियो।

कार्यक्रममा वरिष्ठ साहित्यकारहरू लब गाउँले, दिव्यगिरी, देविका तिमिल्सिना, कणाद महर्षि, प्रतीक ढकाल, गोविन्द घिमिरे वेदमणी, डा.बमबहादुर जिताली, खेमराज पोखरेल, बुद्धिराज पाण्डे बासुदेव गुरागाई, धन्वन्तरी मिश्र, ममता मृदुल, दीपक लोहनी, प्रकाश घायल, राजेन्द्र आचार्य, कलानिधि दाहाल, भाग्यशाली अधिकारी, राजबाबु श्रेष्ठ सागर, छायादत्त न्यौपाने, भगवती खतिवडा, रञ्जना निरौला, तर्कना शर्मा, विमला अधिकारी, रुद्र अधिकारीलगायत विभिन्न साहित्यिक संस्थाका प्रमुख र पत्रकारहरू समेत सहित झण्डै सवा सय सर्जक तथा भाषा र साहित्यका अनुरागीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमको प्रारम्भमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले कार्यक्रमको भव्य सफलताको लागि दिनु भएको शुभकामना पढेर सुनाइएको थियो।

झण्डै तीन घण्टा चलेको कार्यक्रम भूगोल साहित्य समाजका अध्यक्ष तथा छेस्का कविताका प्रवर्तक विनोद नेपालको अध्यक्षतामा भएको थियो। समाजका उपाध्यक्ष दिनेश विक्रम थापाले स्वागत मन्तव्य राख्नु भएको कार्यक्रमको सञ्चालन संस्थाका सचिव शैलेन्द्रकुमार शाहले सञ्चालन गर्नुभएको थियो।

आयोजक संस्था भूगोल साहित्य समाज राष्ट्रिय वाणिज्य बैंकबाट निवृत्त कर्मचारीहरूद्वारा गठित साहित्यिक संस्था हो जुनविगत तीन वर्षदेखि क्रियाशील छ।

यसको कार्यालय दरबारमार्ग, काठमाडौमा रहेको छ। यो यस समाजले आयोजना गरेको १६ औं कार्यक्रम हो।

## गजल



**पुर्ण थापा( काजी)**

उदयाउ तरबार - झिक खुडा -- ठोक्नुपर्छ ,
बन्दुक बोक, लाठी भाला, खुकुरी नि बोक्नुपर्छ।

माटो बेचे, धर्म बेचे - भित्रभित्रै के के - बेचे,
उठ बिउँझ - अघि बढ - देशै बेच्न रोक्नुपर्छ
उदयाउ तरबार - झिक खुडा -- ठोक्नुपर्छ॥

रम्नछोड, भुल्नछोड - हलिउडमा ब्लिउडमा,
अब तिमीले देशभक्ती - रट्नुपर्छ - घोक्नुपर्छ
उदयाउ तरबार - झिक खुडा --ठोक्नुपर्छ॥

कित्ताकाट हुनुपर्छ को वारिको -को पारिको,
देशद्रोही - देशप्रेमी विवेक लगाई जोख्नुपर्छ
उदयाउ तरबार - झिक खुडा -- ठोक्नुपर्छ॥

नेपाल आमा रोई रहिछन अस्मितामा धावा बोल्दा
जुट युवा देशले माग्दा - तातो रगत -पोख्नुपर्छ
उदयाउ तरबार - झिक खुडा -- ठोक्नुपर्छ॥

भानु नपा-४, तनहुँ।

## दार्चुलामा बृहत साहित्यिक महोत्सव

दार्चुला। दार्चुलामा दुई दिने बृहत साहित्यिक महोत्सवले रौनकता छाएको छ। दार्चुला साहित्य समाजको आयोजनामा शुक्रबारदेखि कालापानी, लिपुलेक र लिम्पियाधुराको आँगन जिल्ला सदरमुकाम खलंगामा साहित्यिक महोत्सव सुरु भएको हो।

अमेरिकास्थित तारा किशन फाउन्डेसनका अध्यक्ष तारा धामीको अध्यक्षतामा सुरु भएको महोत्सवमा देशकै चर्चित साहित्यकारहरुका साथै सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. अम्मरराज जोशी, महाकाली नगरपालिकाका नगरप्रमुख नरसिंह चैसीरलगायत जनप्रतिनिधि, समाजसेवी, साहित्यप्रेमी, बुद्धिजिवस्हरुको उपस्थिति छ।

महोत्सवमा जिल्लाका नौं वटै स्थानीय तहका मौलिक संस्कृति झल्कने झाँकी प्रदर्शन गरिएका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यकार, लेखक तथा प्राज्ञहरुको उपस्थितिले दार्चुलाको वातावरण साहित्यमय बनेको महोत्सवमा सहभागिहरुले बताउनुभएको छ।

महोत्सवमा शिक्षकद्वय नरेन्द्र बडाल र लाकेन्द्रबहादुर बमको संयुक्त मुक्तक संग्रह 'छुटेका यादहरु' विमोचन गरिएको छ। यस्तै साहित्यकार किशन धामीको अंग्रेजी संस्करण एटलान्टिकका भंगालहरुको पनि विमोचन गरिएको लेकम लोकेन्द्र बमले बताउनुभयो। जिल्ला बाहिरबाट आएका लेखक र साहित्यकार हरुले दार्चुलाको मौलिक कला र संस्कृतिको मुक्तकण्ठले प्रशंसा गर्नुभएको छ।

## पाँच स्रष्टालाई कविडाँडा साहित्य सम्मान

चितवन। कविडाँडा साहित्य समाजले पाँच जना लेखक, साहित्यकारलाई पुरस्कृत तथा सम्मान गरेको छ। समाजको २० औं वार्षिकोत्सवको अवसरमा शनिबार भरतपुरको कविडाँडामा आयोजित कार्यक्रममा १५ हजार १६० रूपैयाँ राशिको कविडाँडा साहित्य सम्माान तथा देव-खीना स्मृति पुरस्कार २०७९ लेखक साहितयकार रेशम विरही र तुलसी थापालाई प्रदान गरिएको हो। भरतपुर महानगरपालिका-१६




बस्ने रेशम विरहीका 'मुलाको बोक्रा', 'आलीमुनिको भ्याउँकिरी', 'भित्ताको रंग' मंगली गुप्ताको 'पान पसल', 'थालथालमा सपना' जस्ता कवितासंग्रह, 'सुन्दर बस्ती' बालकाव्य, 'देब्रे आँखा' र 'सत्ता र स्वप्नदोष' जस्ता निबन्धसंग्रह र 'प्रेमदासको डायरी' उपन्यास प्रकाशित छन्। वि.सं. २००९ सालमा जन्मेका विरही साहित्यसँगै पत्रकारिता क्षेत्रमा पनि सक्रिय छन्। त्यसैगरी मकवानपुरका तुलसी थापा कथा र कविता लेखनमा सक्रिय छन्। वि.सं. २००२ सालमा मकवानपुरको भैसेमा जन्मेका थापाका 'अपरेशन टेबलबाट उठ्दै गर्दा' र 'जीवनका मोडहरू र जीवन प्रवाहका धार' कथासंग्रह प्रकाशित छ। थापाको मसिना कविताहरूको संग्रह 'निमेषको अन्तर' पहिलो कृति हो। कविडाँडा अविनाशी उत्कृष्ट कृति पुरस्कार २०७८ 'मोक्ष' उपन्यासका लागि सिर्जन अविरलले प्राप्त गरे। पुरस्कार राशि १५ हजार १६० रूपैयाँ छ। कविडाँडा सुवर्ण तुलसी काव्य पुरस्कार नेपाली लेखक संघका केन्द्रीय अध्यक्ष तीर्थ श्रेष्ठले पाए। पुरस्कारको राशी ३० हजार १६० रूपैयाँ छ। कविडाँडा राष्ट्रिय युवा वाङ्ममयी पुरस्कार तथा सम्मान युवा गजलकार लेखराम सापकोटालाई प्रदान गरिएको छ। ४० वर्ष नकटेका साहित्यसँग जोडिएकाले यो पुरस्कार पाउँछन्। पुस्कार राशि १५ हजार १६० रूपैयाँ रहेको छ। संस्थाले पुरस्कार र सम्मानका साथै नेपाली साहित्यका विविध पक्षहरूका बारेमा समय समयमा राष्ट्रियस्तरका गोष्ठीहरू पनि गर्दै आएको बताए।

# नेपाल ढकाल समाज प्रतिष्ठान साहित्य विभाग गठन

काठमाडौं। ढकाल




साहित्यकारहरूको पहिलो भेलाले नेपाल ढकाल समाज प्रतिष्ठान साहित्य विभाग गठन गरेको छ।

प्रतिष्ठानका अध्यक्ष टिकाराम शर्मा ढकालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथि कतारका लागि नेपाली राजदुत नरेश विक्रम ढकाल र विशिष्ट अतिथिमा सूर्य गढी गाउँपालिका नुवाकोट उपाध्यक्ष मञ्जु बुढाथोकी ढकाल रहनु भएको थियो। कार्यक्रममा कवि/ कवयित्रीले आ- आफ्ना रचनाहरू पाठ गरेका थिए।

लगभग ४ घन्टा चलेको उक्त कार्यक्रममा ढकाल साहित्य समाज गठन समेत गरिएको छ। सुप्रसिद्ध कवि तथा गीतकार मुरलीप्रसाद ढकालको अध्यक्षतामा कार्यसमिति निर्माण गरिएको थियो। कार्यक्रममा बोल्दै विशिष्ट अतिथि मञ्जु बुढाथोकी ढकालले अब साहित्य समाज गठन पश्चात् ढकाल वंशको थप अध्ययन र अनुसन्धानका जिम्मा ढकाल साहित्य समाजले गर्ने कुरामा ढुक्क भएको बताउनु भयो।

प्रमुख अतिथि राजदुत नरेश बिक्रम ढकालले परिवार भित्रका सदस्यहरूका रचना सुन्न पाउँदा अत्यन्त हर्षित भएको बताउँदै ढकाल साहित्य समाजले पक्कै देखिने गरि केही कार्य गर्नेछ भन्ने कुरामा विश्वस्त रहेको बताउनु भयो।

सभाका सभापति टिकाराम शर्मा ढकालले विभिन्न पेशा र क्षेत्रका विभागहरू गटन गर्ने सिलसिलामा ढकाल साहित्य समाज गठन गरेका छौ। यो समितिले नेपाल ढकाल समाज प्रतिष्ठानले लिएको लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण योगदान पुर्याउने कुरामा अत्यन्त विश्वस्त रहेको बताउनु भएको थियो। कार्यक्रममा स्वागत मन्तव्य जगन्नाथ ढकालले र कार्यक्रम संचालन दामोदर ढकालले गर्नु भएको थियो।

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं**

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८



# महिन्द्राको 'एसपी प्लस' ट्याक्टर नेपाली बजारमा

काठमाडौं । महिन्द्रा समूहको एक हिस्सा महिन्द्राको फार्म इक्विपमेन्ट सेक्टर (एफईएस) ले नयाँ 'एसपी प्लस' ट्याक्टर श्रृङ्खला नेपाली बजारमा ल्याएको छ ।




नेपाली बजारमा सार्वजनिक यी ट्याक्टरहरू महिन्द्राको उन्नत ईएलएस इन्जिन र रिभर्स पीटीओ सहितको डुअल क्लच, उच्चलिफ्ट क्षमतायुक्त हाइड्रोलिक, सजिलो गियर सिफ्ट ट्रान्समिसन र तेल इमर्स्ड ब्रेकहरू जस्ता उत्पादकत्व वृद्धि गर्ने सुविधाहरू रहेको कम्पनीले बताएको छ । ट्याक्टरले कृषि र ढुवानी उपयोगहरूमा किसानको उत्पादकत्वमा वृद्धि गर्ने लक्ष्य लिएको कम्पनीको भनाइ छ ।

कम्पनीका अनुसार नयाँ महिन्द्रा एसपी प्लस ट्याक्टरहरु ७, ८ र ९ जेठमा क्रमशः विर्तामोड, विराटनगर र जनकपुरमा बिक्री शुभारम्भ गरिएको थियो ।

शुभारम्भ कार्यक्रममा महिन्द्रा एण्ड महिन्द्रा लिमिटेड (भारत) र अग्नि ग्रुपका प्रतिनिधि, स्थानीय डिलर, स्थानीय उद्योग वाणिज्य संघ र सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

छिट्टै नै नयाँ एसपी प्लस सिरिजको ट्याक्टर यसै हप्तासम्ममा वीरगञ्ज, चितवन र नेपालगञ्जमा पनि सार्वजनिक हुने कम्पनीले जनाएको छ । महिन्द्रा एण्ड महिन्द्रा लिमिटेडको कृषि उपकरण क्षेत्र, अन्तर्राष्ट्रिय कार्य सञ्चालन प्रमुख प्रकाश वाकंनकरले नयाँ एसपी प्लस श्रृङ्खलाले किसानहरूको कमाइको क्षमता बढाउने बताए । शुभारम्भको अवसरमा अग्नि ग्रुपका प्रबन्ध निर्देशक क्याबिनेट श्रेष्ठले किसानलाई अझ धैरै कार्य गर्न र आफ्नो कृषि उत्पादकत्वलाई अर्को स्तरसम्म पुऱ्याउन नयाँ एसपी प्लस श्रृङ्खलाले सक्षम बनाउने बताए ।

नयाँ ट्याक्टरले मुलुकमा खेतीपाती गर्ने तरिकामा फरक पार्ने उनको भनाइ छ ।

# निजगढ विमानस्थल रोकेको विरोधमा बृहत र्‍याली










# जावा ४२ स्पोर्ट्स स्ट्राइप नेपाली बजारमा, मूल्य ७ लाख ५८ हजार

काठमाडौं । नेपालमा क्लासिक लिजेन्ड्सको आधिकारिक वितरक अग्नि ग्रुपको सहायक कम्पनी अग्नि मोटोइंक प्रालिले स्टाइलिङ र प्राविधिक पक्षमा विशिष्ट मानिने जावा ४२ स्पोर्ट्स स्ट्राइप सार्वजनिक गरेको छ । चर्चित नेपाली गायक सुशान्त केसीले जावा मोटरसाइकलको उत्तरढोकास्थित सोरुममा बाइक अनावरण गर्नुका साथै प्रि-बुकिङ गरिएका बाइकहरु वितरण समेत गरे । सो बाइक अलस्टार ब्ल्याक, ओरियन रेड र सिरियस ह्वाइट कलरमा उपलब्ध छ ।




सो अवसरमा गायक सुशान्त केसीले पहिले देखि नै आफूलाई जावा मोटरसाइकल मन पर्ने र विगत एक वर्ष देखि हरेक यात्राका लागि जावा पेराकलाई आत्मिय बनाएको बताए । उनले नेपालमा जावा बाइकको कलेक्सनमा जावा ४२ स्पोर्ट्स स्ट्राइप समेत थपिएकोमा एकदमै हर्षित भएको बताउदै यसको सफलताको कामना समेत गरे ।

अग्नि मोटोइंक प्रालिका महाप्रबन्धक शरद मिश्रले विगत दुई वर्ष यता जावा बाइकको बिक्री-वितरणमा सक्रिय भइरहेको र सदैव सकारात्मक प्रतिक्रिया पाइरहेको बताए । उनले आगामी दिनमा जावा ४२ स्पोर्ट्स स्ट्राइपले पनि सोही किसिमको माया पाउनेमा विश्वस्त भएको बताए ।

जावा ४२ स्पोर्ट्स स्ट्राइप मोडलका सबै मोटरसाइकलमा विविध आन्तरिक समायोजनहरु गरिएका छन् । यसमा भएको २९३ सीसी बीएस६ लिक्विडकुल्ड फ्युल इन्जेक्टेड इन्जिनले २७.३३ पीएस पावर र २७.०२ एनएम टर्क जेनेरेट गर्छ । यो पहिलो क्रसपोर्ट लेआउट भएको सिंगल सिलिन्डरयुक्त इन्जिनले जावाको भेल्युमेट्रिक दक्षतालाई उत्कृष्ट चार्ज र निकास ग्याँस प्रवाहको लागि सहज बनाउनुका साथै कार्यक्षमता वृद्धि गर्ने र टर्क उत्पादन गर्ने गर्दछ ।

यसमा भएको सानो भन्दा सानो इन्पुटहरुलाई पनि राम्रो इन्धनको माध्यमबाट प्रतिक्रिया दिनका लागि थ्रोटल रेस्पोन्सलाई थप तिखो बनाइएको छ । त्यसैगरी १३ स्पोक अलोय ह्विवले सो मोटरसाइकलको 'स्पोर्टी क्लासिक' व्यक्तित्वलाई उल्लेखनिय रुपमा प्रस्तुत गरेको हुनाले मोटरसाइकल प्रेमीहरुलाई आकर्षित गर्ने विश्वास राखिएको कम्पनीको भनाइ छ ।

जावामा सिटलाई नयाँ सिट प्यानका साथै लामो सवारीमा थप आरामदायी बनाउन कुशनिङ साथ पुनः इन्जिनियर गरिएको छ । साथै रिट्युन गरिएको सस्पेन्सन र फ्रेम सेटअप, ट्विन एक्जस्ट र कन्टिनेन्टलद्वारा एबीएसले सुसज्जित उत्कृष्ट स्तरको ब्रेकिङ प्रणालीले प्रतिस्पर्धीहरु बीच सबैभन्दा छिटो ब्रेकिङ दूरी र उत्कृष्ट नियन्त्रणको अनुभूति दिलाउँछ ।

७ लाख ५८ हजार रुपैयाँ मूल्य तोकिएको यो मोटरसाइकल जावाका नेपालभर रहेका सोरुममार्फत खरिद गर्न सकिन्छ । जावा चेक गणतन्त्रको ९० वर्षको विरासत बोकेको मोटरसाइकल ब्रान्ड हो, जुन विश्वका १२० भन्दा बढी देशहरुमा निर्यात हुने गरेको छ ।

## बजेट प्रभाव : २०० सीसी माथिका मोटर साइकलको मूल्य उच्च दरमा बढ्ने

सरकारले २०० सीसी भन्दामाथिका मोटरसाइकलमा भारी दरमा कर बढाएको छ । २०० सीसीभन्दा कम क्षमताको मोटरसाइकलमा करको दर नचालएको सरकारले सरकारले त्यसभन्दा माथि ब्यापक हेरफेर गरेको छ ।

सरकारले २०० देखि २५० सीसीसम्मका मोटरसाइकलमा अन्तःशुल्क २० प्रतिशतले बढाएको छ । यो रेन्जमा यसअघि ६० प्रतिशत रहेको अन्तशुल्क ८० प्रतिशत बनाइएको छ ।

यो समूहका बाइकमा यसअघि ३० प्रतिशत लाग्दै आएको भन्सार दर १० प्रतिशतले बढाएर ४० प्रतिशत बनाइएको छ । यसले नेपालमा ठूलो दरमा बिकिरहेको २२० सीसीमा बाइकहरुको मूल्य उच्च दरमा बढ्ने भएको छ ।

यसअघि सबै मोटरसाइकलमा ३० प्रतिशत नै भन्सार लाग्ने गरेको थियो । २५१ सीसीदेखि ५०० सीसीसम्मका मोटरसाइकलमा ७० प्रतिशत पुर्‍याएको छ । अन्तःशुल्क ८० प्रतिशत कायम पुगेको छ ।

५०१ सीसीदेखि माथिका सबै मोटरसाइकल आयात गर्दा भन्सार ८० प्रतिशत भन्सार लाग्नेछ भने १०० प्रतिशत अन्तःशुल्क लाग्नेछ । सरकारले १२५ देखि २०० सीसीम्मका मोटरसाइकलको करको दर घटाएको छैन ।

**गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

औंलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु ब्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस